का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक १५३
- २३ साउन २०७७, शुक्रबार
- 7 August 2020, Friday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेट: बिहीबार साँझसम्म | | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|---|
| | नेपालमा | २१७५० जना | १५३८९ जना | ४१९५७५ जना | ६२९६ जना | ६५ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड ९० लाख ५३ हजार | १ करोड २२ लाख २८ हजार | ७ लाख १२ हजार | ६१ लाख १२ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# भयावहको खतरा

- प्रदेश–२ का मन्त्रीमा कोरोना पुष्टि, प्रधानमन्त्री र गृहमन्त्री पनि उच्च खतरामा
- बिहीबार ३६० संक्रमित थपिए, २३३ डिस्चार्ज
- राजधानी उपत्यकामा थप ८७ जनामा संक्रमण
- उपचारका लागि अस्पतालकै अभाव हुने चेतावनी

लकडाउन खुलेपछि उच्च दरमा संक्रमण बढिरहँदा प्रदेश–२ मन्त्रीमा समेत संक्रमण पुष्टि भएको छ भने प्रधानमन्त्री, गृहमन्त्री र प्रदेशका मन्त्रीहरू समेत जोखिममा देखिएका छन् । साउन १४ गते एउटै कार्यक्रममा सँगै सामुहिक तस्वीर समेत खिचाएका मन्त्रीलाई संक्रमण पुष्टि भएकाले प्रधानमन्त्रीमै संक्रमणको जोखिम देखिएको हो ।



कोरोना संक्रमण पुष्टि भएका प्रदेश–२ का मन्त्री ज्ञानेन्द्र यादव



*प्रधानमन्त्री र गृहमन्त्री सहित प्रदेशका मन्त्रीहरू सामुहिक तस्वीर खिचाउँदै । संक्रमण पुष्टि भएका प्रदेश–२ का मन्त्री ज्ञानेन्द्र यादव (बायाँबाट तेस्रो) । तस्वीरः सुर्य सुवेदी*

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ साउन ।

प्रदेश–२ का आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्र यादवलाई कोभिड–१९ को संक्रमण पुष्टि भएको छ । १९ साउनमा स्वाब संकलन गरिएका मन्त्री यादवलाई कोरोना संक्रमण भएको पुष्टि भएको छ । मन्त्री यादवलाई संक्रमण पुष्टि भएसँगै प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रामबहादुर थापाले समेत परीक्षण गराउनुपर्ने अवस्था सिर्जना भएको छ ।

संक्रमित मन्त्री यादव साउन १८ गते काठमाडौं आएका थिए । अझ प्रहरी समायोजन सम्बन्धी छलफल गर्न आएका मन्त्री यादव प्रधानमन्त्री ओली, गृहमन्त्री थापा र प्रदेश मन्त्रीहरुसँग समेत सँगै बसेका थिए भने सामुहिक तस्वीर समेत खिचाएका थिए । तिनै मन्त्री यादवलाई संक्रमण पुष्टि भएपछि अब प्रधानमन्त्रीले समेत परीक्षण गराउनुपर्नेछ ।

किनभने, विश्व स्वास्थ्य संगठनको नियमअनुसार, १५ मिनेट भन्दा बढी आमने–सामने भएर बसेका, मास्क नलगाई बसेका, बोलेका र खोक्ने तथा हाछ्यु गर्दा जोखिम बढी हुन्छ । तर, सामुहिक तस्वीर खिचाउने क्रममा कसैले पनि सामाजिक दुरी कायम गरेका छैनन् भने मास्क समेत लगाएका छैनन् ।

मन्त्री यादवलाई संक्रमण पुष्टि भएपछि धेरैजसो प्रदेश मन्त्रीहरुले स्वाब संकलन गरिसकेका छन् । यसअगाडि सांसद प्रदीपकुमार यादव र वीरगञ्जकै मेयरलाई संक्रमण पुष्टि भइसकेको थियो भने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, पत्रकारदेखि सर्वसाधरणमा समेत संक्रमण देखिसकेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भयावहको जोखिम बढेर गएको बताएको छ । मन्त्रालयका प्रवक्ता जागेश्वर यादवले राजधानी बाँकी पृष्ठ २ मा

## उपत्यकामा थप ८७ मा संक्रमण

बितेको २४ घण्टामा देशभर थप ३६० जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ । पछिल्लो २४ घण्टामा ६ हजार ६२२ जनामा गरिएको पिसीआर परीक्षण भएको थियो । स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा गौतमले बिहीबार थपिएको सहित नेपालमा संक्रमित संख्या २१ हजार ७५० जना पुगेको छ ।

पछिल्लो २४ घण्टामा २३३ जना उपचारपछि निको भएका छन् भने नेपालमा हालसम्म १५ हजार ३८९ जना उपचारपछि निको भएका छन् । मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमका अनुसार, थप पाँच जना व्यक्तिको निधन भएको छ । मृत्यु हुनेमा मोरङका ४५/४५ वर्षीय दुई पुरुष, सर्लाहीका ६५ वर्षीया महिला, धनुषाका ७२ वर्षीया महिला र सप्तरीका ४२ वर्षीय पुरुषको निधन भएको हो । उनीहरु सबैको निधन साउन २१ गते भएको हो । यससँगै कोरोना भाइरसबाट निधन हुनेको संख्या ६५ पुगेको छ ।


पछिल्लो रिपोर्टअनुसार, देशभर ६ हजार २९६ संक्रमितले उपचार गराइरहेका छन् । राजधानी उपत्यकामा मात्रै पछिल्लो २४ घण्टामा ८७ जना कोरोना संक्रमण पुष्टि भएको छ । काठमाडौंमा ७६, ललितपुरमा बाँकी पृष्ठ २ मा

# झनै चिसियो सम्बन्ध बढ्यो तनाब

प्रधानमन्त्री र दाहालको छलफल रोकियो, फेरि खुमलटार–बालुवाटार सम्वाद शून्यता

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ साउन ।





बिहीबार बिहान नेकपाका दुई अध्यक्ष केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्ड बीच छलफल हुने भनिएको थियो । बुधबार साँझ बस्ने भनिएको छलफल स्थगित भएको जानकारी गराउँदै प्रधानमन्त्री ओलीकै प्रेस सल्लाहकार सूर्य थापाले बिहीबार बिहान छलफल हुने बताएका थिए । तर, बिहीबार दिनभर नै दुई अध्यक्ष ओली र प्रचण्डबीच भेटवार्ता हुन सकेन ।

दुई अध्यक्ष बीचकै भेटवार्ता अनिश्चित भएपछि स्थायी कमिटी बैठक पनि अनिश्चित बनेको छ । किनभने, साउन १३ गतेदेखि अनिश्चित बनेको स्थायी कमिटी बैठकलाई टुंगोमा पुर्‍याउँदै पार्टी विवाद हल गर्न भनेर साउन १८ गतेदेखि दुई अध्यक्ष बीच छलफल शुरु भएको थियो । साउन १८ गते चार घण्टा, १९ गते दुई घण्टा र २० गते एक घण्टा दुई अध्यक्ष बीच छलफल भयो । प्रचण्डले ओलीसँग एक्लै नबस्ने भनेपछि बरिष्ठ नेता झलनाथ खनाल र संसदीय दलका उपनेता सुवास नेम्वाङ समेत छलफलमा भाग लिदै आएका थिए । खनाल प्रचण्डको तर्फबाट र नेम्वाङ ओलीको तर्फबाट छलफलमा भाग लिदै आएका थिए ।

तर, बुधबार प्रचण्ड सहित बरिष्ठ नेता झलनाथ खनाल, बरिष्ठ नेता माधवकुमार नेपाल र प्रवक्ता नारायणकाजी श्रेष्ठले बानेश्वरमा एक अनौपचारिक कार्यक्रम राखेपछि त्यो छलफल समेत रोकिएको छ ।

> बुधबार प्रचण्ड सहित चार नेता एक अनौपचारिक कार्यक्रममा प्रधानमन्त्री ओली माथि खनिएसँगै नेकपाभित्रको जटिलता झनै बढेर गएको छ भने दुई अध्यक्ष बीचको सम्वाद समेत रोकिएको छ ।

ओली निकट एक नेताका अनुसार, चार नेताले पत्रकार हरुलाई पार्टीभित्रको विवादबारे जानकारी दिएपछि सम्वाद जटिलतातिर बढेको हो । “पार्टी विवाद हल गर्न छलफल भइरहेको छ । तर, नेताहरुले पत्रकारहरुसँग विवादबारे जानकारी गराउनुले प्रधानमन्त्री आक्रोशित बन्नुभएको छ”, ती नेताले भने । बुधबार साँझ नै प्रधानमन्त्री ओली राष्ट्रपति विद्यादेवी भण्डारीलाई भेट्न शितलनिवास पुगेका थिए । शितल निवासमा भएको छलफलबारे कुनै जानकारी गराइएको छैन । तर, त्यसको केही संकेत भने दिइसकेको छ । अब ओलीले पनि कुनै कदम चाल्ने तयारीमा रहेको एक नेताले बताए ।

कोरोनाबारे छलफल गर्न भनेर विज्ञहरुलाई बोलाएर पार्टीकै नेताहरुको विरोध जनाएको भोलिपल्ट प्रचण्ड सहितका नेताहरुले आफ्नो कुरा पत्रकार हरुलाई राखेका छन् । अर्थात्, यसले नेकपा भित्रको संकट झनै बढेर जाने संकेत देखिएको छ ।

# फकाउँदै देउवा

महाधिवेशन नजिकिएपछि पार्टीभित्र चुलिएको विवाद हल गर्न भन्दै नेपाली काँग्रेसभा सभापति शेरबहादुर देउवाले बिहीबार आफ्नै निजी निवास बुढानिलकण्ठमा असन्तुष्ट पक्षका नेताहरूसँग सम्वाद गरेका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २२ साउन ।



प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसको आन्तरिक विवाद चर्किएका बेला सभापति शेरबहादुर देउवा र असन्तुष्ट पक्षका नेताहरु बीच छलफल भएको छ । बिहीबार सभापति देउवाको निवास बुढानिलकण्ठमा दुई पक्षका नेताहरुबीच छलफल भएको छ । त्यस अगाडि एक्लौटी निर्णय गर्दै अगाडि बढेका सभापति देउवा असन्तुष्ट पक्षका बरिष्ठ नेता रामचन्द्र पौडेल र महामन्त्र शशांक कोइरालाबीच लामै छलफल भएको छ ।

छलफल विशेषगरी महाधिवेशनका लागि क्रियाशील सदस्यता बितरणमा केन्द्रीत भएको काँग्रेसले जनाएको छ । छलफलमा क्रियाशील सदस्यता छानबिनका लागि केन्द्रीय कार्य समिति बैठक बोलाउने समेत सहमति जनाएको छ । सहमहामन्त्री प्रकाशशरण महतले केन्द्रीय कार्य समितिको बैठक बसेर क्रियाशील सदस्यबारे छानबिन गर्न समिति गठन गर्ने सहमति भएको बताए ।

सभापति देउवाले छानबिन समितिमा बस्ने नेताहरुको नाम मागेका छन् । छानबिन समितिमा दुवै तर्फका नेताहरु सम्मिलित गराउनेबारे छलफल भएको महतले बताए । आगामी फागुनमा महाधिवेशन नै घोषणा भइसकेपछि सभापति देउवाले विभाग गठन र बिस्तार नरोकेको भन्दै असन्तुष्ट पक्षले लिखित असहमति जनाएको थियो ।

असन्तुष्ट पक्षले बिस्तार गरिएको विभाग र विभागमा दिइएको जिम्मेवारी समेत नमान्ने चेतावनी दिएको थियो । केन्द्रीय कार्यालय सानेपामा गुटको भेला राखेर निष्कर्ष निकालेका पौडेल पक्ष सहमतिका लागि छलफल गर्न भने बुढानिलकण्ठ पुगे ।

गएको पुसमा सकिएको महासमिति बैठकको निर्णय विरुद्ध विभाग संख्या २८ बाट बढाएर ४७ बनाइएकोमा पौडेल पक्षले लगातार असन्तुष्टि जनाउँदै आएका छन् । छलफलमा यसबारे समेत प्रश्न उठाएका थिए । बरिष्ठ नेता पौडेल, महामन्त्री कोइराला लगायतले विभाग संख्या बिस्तार र सदस्य थप्नुलाई बिधान बिपरीत भनेका थिए । तर, सभापति देउवाले भने विभागमा आफ्नो मान्छेका नाम पठाउन आग्रह गरेका छन् । “विभागमा बस्नेहरुको नामावली मागेको धेरै भयो । तपाईंहरुलाई नाम नपठाउने अनि निहु मात्रै खोज्ने भनेर सभापति रिसाउनुभयो”, एक नेताले भने ।

असन्तुष्ट पक्षले चार सय ७९ सदस्यीय जेष्ठ राजनीतिज्ञ सभा गठनमा पनि असहमति जनाएको बाँकी पृष्ठ २ मा

# अन्तर्राष्ट्रिय उडान रोकिने भयले फर्किने कामदारहरू चिन्तित

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ साउन

कोरोना भाइरसका कारण साउदी अरबमा रोजगारी गुमाएका अधिकांश नेपाली कामदार कम्पनीले देश छोड्न दिने अनुमति ‘एक्जिट’ नपाएर समस्यामा परेका छन् । साउदी अरबमा अधिकांश कम्पनीले विगत पाँच महिनादेखि करार अनुसारको काम र तलव नदिएको नेपाली कामदारहरुको गुनासो छ ।

काम र तलव नदिएका कम्पनीहरुले कामदारलाई स्वदेश फर्किन साउदी अरबको कानून अनुसार अनिवार्य गरिएको ‘एक्जिट’ समेत नदिँदा नेपाली कामदारहरु चर्को मारमा परेको साउदीस्थित नेपाली दूतावास स्रोतले बतायो । नेपाली दूतावासले एक्जिटको समस्याका विषयलाई लिएर परराष्ट्र मन्त्रालयमासमेत जानकारी गराएको बताइएको छ ।

विगत पाँच महिनादेखि काम र तलव नपाएका कामदार हरुमा नेपाल सरकारले आगामी भदौ १ गतेदेखि व्यवसायिक उडान शुरु गर्ने निर्णय गरेपछि स्वदेश फर्किने आश पलाएको छ । तर कम्पनीले अनिवार्यरुपमा दिनुपर्ने ‘एक्जिट’ दिन आनाकानी गरेपछि कामदारहरुलाई नेपाल सरकारले शुरु गर्ने व्यवसायिक उडान ‘कागलाई बेल पाक्यो हर्ष न विस्मात’ सरह हुने चिन्ता बढेको बताइन्छ ।

साउदी अरबस्थित नेपाली दूतावासले केही कम्पनीहरुले कामदारको समस्यालाई राम्रोसँग सुनुवाई नगरेको र पटक–पटक सम्पर्क गर्दासमेत सम्पर्कमा नआउने गरेको बताएको छ । दूतावासले नेपालमा म्यानपावर कम्पनीहरुलेसमेत संकटको समयमा आवश्यक समन्वय नगरेको गुनासो गरेको छ ।

यता लामो समयदेखि काम र तलव नपाएर अलपत्र परेका कतिपय कामदारहरु नेपाल सरकारले काठमाडौंलगायत नेपालभर कोरोना भाइरसका संक्रमितहरु बढेका कारण देखाउँदै अन्तराष्ट्रिय उडान शुचारु नगर्ने हो कि भन्ने चिन्ता बढेको बताउँछन् ।

साउदी अरबको रिमाल अल सोहेल कम्पनीमा कार्यरत विशाल कुमार रोकायाले आफुहरुले रोजगारी गुमाएको तीन महिना भइसकेको, नेपाल फर्काउने भनी दुई हप्ताअघि जेद्धाबाट रियाद ल्याएर राखेको तर उडानको ठेगान नहुँदा अन्योलमा परेको बताए । उनले भने, ‘सरकारले कोरोना संक्रमण कम भएपछि मात्र विदेशमा रहेका नागरिक स्वदेश फर्काउने सोच राख्न हुँदैन । अब कोरोनासँगै लडेर बाँच्ने हो । जसरी पनि भदौबाट व्यवसायिक उडान खोलिनु पर्छ ।’

विगत पाँच महिनादेखि तलव नपाएको बताउने अर्का कामदार प्रकाश कार्की भन्छन्, ‘१८ मार्चदेखि विना तलव बस्नु परेको छ । खानका लागि २ सय रियाल दिएको छ । जति अनुरोध गरेपनि कम्पनीले सुनिरहेको छैन । विपद्को अवस्थामा रहेका हामीहरुलाई घर फर्काउन तोकिएको समयमा नै अन्तर्राष्ट्रिय उडान शुरु गरियोस् ।’

स्वदेश फिर्ताको पर्खाइमा रहेका अर्का कामदार सिमान पौडेल पनि बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### एकैदिन स्वदेश फर्किए १५ सय

**काठमाडौं/मस–** खाडीका विभिन्न मुलुकबाट एकै दिन करिब १५ सय नेपाली स्वदेश फर्किएका छन् । बिहीबार एकैदिन १ हजार ४ सय ६६ जना स्वदेश फर्किएका हुन् । त्रिभुवन विमानस्थल कार्यालयका अनुसार साउदीको दमामबाट २ सय ९८ जना, रियादबाट २ सय ५९ जना, कतारको दोहाबाट १ सय ५७ जना, मलेसियाबाट १ सय ७८ जना, युएईबाट २ सय ३४ जना र इस्तानबुलबाट ७६ जना काठमाडौं आएका छन् । शुक्रबार भने विभिन्न देशबाट १४ उडान हुने त्रिभुवन विमानस्थल कार्यालयले जनाएको छ ।

# 'हेर्दाहेर्दै छोरालाई चितुवाले लग्यो'



**कृष्ण न्यौपाने/रासस**
दमौली, २२ साउन

बुधबार राति ८ बजे तनहुँको शुक्लागण्डकी नगरपालिका-२ मसारका कृष्णमाया राना छोरासँग घरको पिढीमा बसिरहनुभएको थियो । डेढ वर्षीय छोरा नारायण रानाले कट्टुमा पिसाब फेरेपछि कट्टु फेरिदिनका लागि कृष्णमाया घरभित्र पसेर बाहिर निस्कदा नारायणलाई चितुवाले झम्टियो । कृष्णमाया आत्तिनुभयो, चिच्याउनुभयो तर केही सीप लागेन ।

'हेर्दाहेर्दै चितुवाले छोरालाई झम्टिएर लगिहाल्यो, एकछिन चिच्याए तर मेरो केही सीप लागेन', आँखाभरी आँशु निकाल्दै कृष्णमायाले भनिन्, 'सँगै भएको छोरालाई केही सेकेण्डमै चितुवाले लगेर मार्‍यो ।' त्यतिबेला कृष्णमायाका ससुरा पनि घरको पिँढीमै थिए । कान कम सुन्ने भएकाले चितुवाले नातिलाई झम्टेर लगेको उनले पत्तो पाइनन् ।

बालकका बुबा विष्णुबहादुर मेलाबाट घर फर्किदै थिए । तत्कालै हारगुहार भएपछि स्थानीयवासी जम्मा भएर बालकलाई खोज्नेतर्फ लागे । एक/डेढ घण्टा खोजेपछि घरभन्दा तलको जंगलमा नारायणको टाउको र एउटा हात फेला पर्‍यो । मसारमा चार घरधुरीको मात्रै बसोबास छ । चारैतिर जंगलले घेरिएको ठाउँ । मृत्यु भएका नारायण कृष्णमायाका कान्छा छोरा हुन् । जेठो छोरा रोहन ७ वर्षका छन् । घटना भएको बेला जेठो छोरा रोहन र सासु घरभित्र थिए ।

चितुवाको आक्रमणबाट बालकको ज्यान गएपछि स्थानीयवासी त्रसित छन् । स्थानीयवासी पूर्णबहादुर रानाले चितुवाले फेरि पनि आक्रमण गर्न सक्ने भएकाले सतर्क रहनुपर्ने बताए । 'दुई चारदिन अगाडी पनि गाउँमा चितुवा आएको थियो, त्यतिबेला लखेटियो । यस्तो दुखद घटना हुन्छ भन्ने सोचिएन', उनले भने ।

तनहुँमा पछिल्लो समय चितुवाको आक्रमण बढ्दै गइरहेको छ । चितुवाको आक्रमणबाट विसं २०७४ फागुन यता दश जना बालबालिकाले ज्यान गुमाएका छन् भने आठ जना घाइते भएका छन् । तनहुँमा भएका चितुवा आक्रमणका घटना सबै रातिको समयमा भएका छन् । 'साँझ परेपछि चितुवाले आक्रमण गर्ने गरेको देखिएको छ,' डिभिजन वन कार्यालय तनहुँका प्रमुख केदार बरालले भने, 'घरबाहिर कुरेर बस्ने र बच्चालाई आक्रमण गर्ने गरेको यस अगाडीको घटनाले देखाएको छ ।'

जिल्लामा चितुवाको आक्रमणका घटना सबै साँझको समयमा भएकाले त्यसबेला विशेष सतर्कता अपनाउनुपर्ने बरालको सुझाव छ । 'रातको समयमा बालबालिकालाई घरबाहिर एक्लै छाड्न हुँदैन, घर वरपरका झाडी सफा राख्ने, घरबाहिर उज्ज्यालो राख्नुपर्छ', उनले भने । बरालका अनुसार एक पटक चितुवाले आक्रमण गरेपछि उक्त चितुवा तीन/चार दिन सोही ठाउँ वरपर घुम्ने गर्छ ।

यसैबीच डिभिजन वन कार्यालय तनहुँले बिहीबार पीडितको घरमा पुगेर किरिया खर्चबापत ५० हजार रुपैयाँ प्रदान गरेको छ । उक्त रकम डिभिजन वन प्रमुख बरालले मृतक बालकका बुबा विष्णुबहादुरलाई प्रदान गरे । चितुवाको आक्रमणबाट मृत्यु भएका बालकको परिवारलाई थप नौ लाख ५० हजार रुपैयाँ प्रदान गरिनेछ । मानिसको जीवनभन्दा ठूलो पैसा नभएपनि राज्य जनताको साथमा छ भन्ने अनुभूति दिलाउन केही राहत रकम प्रदान गर्ने नीति रहेको बरालले बताए ।

पीडितलाई सान्त्वना दिन पुग्नुभएका शुक्लागण्डकी नगरपालिकाका प्रमुख किसान गुरुङले यस्ता घटना दोहोरिन नदिन सबै सतर्क हुनुपर्ने बताए । पीडित परिवारलाई नगरपालिकाको तर्फबाट सहयोग गरिने बताउँदै उनले भने, 'जंगलका बीचमा भएका घरहरुमा चितुवाको बढी जोखिम देखिएको छ, रातिको समयमा बच्चालाई एक्लै नछाड्ने, घर बाहिर बत्ती राख्ने लगायतका काम गर्नुपर्ने देखिएको छ ।'

डिभिजन वन कार्यालय तनहुँले चितुवा नियन्त्रणका लागि उक्त ठाउँमा तत्कालै खोर राख्ने भएको छ । कार्यालयले केही दिन अगाडी आँबुखैरेनी गाउँपालिका-१ समस्तीपुरमा दुई वटा खोर राखेको छ । समस्तीपुरमा चितुवाको आक्रमणबाट दश वर्षीया बालिका अमिषा थापा घाइते भएकी थिइन् ।

चितुवाको आक्रमणबाट विसं २०७४ फागुन १ गते भानु नगरपालिका-३ दोरदोरका ६ वर्षीय विशाल श्रेष्ठ, विसं २०७५ कात्तिक २९ गते भानु नगरपालिका-४ जोखानेका चार वर्षीया रन्जिता लम्साल, मंसिर १५ गते भानु नगरपालिका-२ ढल्केवरका १० वर्षीय अमृत गुरुङ, विसं २०७६ जेठ २४ गते भानु नगरपालिका-२ भकुण्डथोकका नौ वर्षीया पुष्पा अधिकारी, असोज २१ गते भानु नगरपालिका-१ जामुनेगैह्राका चार वर्षीय आशिष बानियाँ र भानु नगरपालिका-२ फुस्रेटारमा सात वर्षीय ऋतिक रोकाको मृत्यु भएको छ । त्यस्तै विसं २०७६ पुस १४ गते शुक्लागण्डकी नगरपालिका-३ रातमाटाका २२ महीनाका बालक रविन नेपाली, पुस २० गते आँबुखैरेनी गाउँपालिका-१ रानागाउँका ८ वर्षीय पुजन सिंजाली र माघ १३ गते बन्दीपुर गाउँपालिका-४ लोहीपाखाका दश वर्षीय इशक सुनारको चितुवाको आक्रमणबाट मृत्यु भएको थियो ।

# हावाहुरीले लाखौँको बालीनालीमा क्षति



**खोटाङ/मस-** हावाहुरीले खोटाङमा लाखौँको अन्नबालीमा क्षति पुर्‍याएको छ । पानीसँगै चलेको हावाहुरीले मकै, फलफूल तथा रुखबिरुवा ढाल्दा लाखौँ मूल्य बराबरको अन्नबालीमा क्षति पुगेको हो । बुधबार साँझदेखि रातभर चलेको हावाहुरीले सबैभन्दा बढी दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकामा क्षति गरेको जनाइएको छ । पन्ध्र वडा रहेको नगरपालिकाको लेकाली भेगमा पर्ने वडा नं ११ खार्मीमा सबैभन्दा बढी क्षति पुगेको हो ।

खार्मीको लेकाली भेगमा लगाइएको मकै धानचमर निस्कन लागेको अवस्थामा रहेकाले हावाहुरीले ढाल्दा ठूलो क्षति भएको स्थानीयवासी एवं सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का वडा समिति अध्यक्ष हर्कराज राईले बताए ।

उनले भने, 'खार्मीको लेखगाउँ, बोहोरीबोट, फूल बिसौँना, रुयल, साब्रु, निगाँले लगायतका ठाउँमा ठूलो क्षति पुगेको छ । प्रमुख बालीका रुपमा रहेको मकै उठाउँदासमेत फल नदिने भएकाले आगामी वर्ष खाद्यान्न अभाव हुने देखिएको छ ।' नगरपालिकामा हावाहुरीले पुर्‍याएको क्षतिको विवरण आउन बाँकी रहेको नगरपालिकाका कृषि शाखा प्रमुख धर्मेन्द्र कलौनीले बताए । उनले भने, 'बुधबारराति चलेको हावाहुरीले नगरपालिकाको सबै वडामा क्षति पुर्‍याएको जानकारी प्राप्त भएको छ । क्षतिको विवरण सङ्कलन गर्न वडावडामा प्राविधिक खटाइएको छ ।'

हावाहुरीले जिल्लाको दशवटै स्थानीय तहमा क्षति गरे पनि विवरण आउन बाँकी रहेको कृषि ज्ञानकेन्द्र खोटाङका निमित्त प्रमुख हरिनारायण राईले बताए ।

'हावाहुरीले अन्नबालीसँगै फलफूलसमेत क्षति गरेको जानकारी आएको छ', उनले भने, 'हावाहुरीले पुर्‍याएको क्षतिको विवरण संकलन गरेर कृषकलाई क्षतिपूर्ति दिलाउन प्रदेश तथा संघमा पठाउने योजना बनाएका छौँ ।' हावाहुरीले जिल्लाको विभिन्न ठाउँमा रुख ढाल्दा बाटोसमेत अवरुद्ध भएको यातायात व्यवसायीले बताएका छन् । हावाहुरीले ढालेको रुख हटाएर अवरुद्ध यातायात पुनःसञ्चालनमा ल्याउने प्रयास भइरहेको जनाइएको छ ।

हावाहुरीले दिक्तेल-गाईघाट ३३ केभी प्रशारण लाइनको विद्युत् पोल हावाहुरीले विभिन्न ठाउँमा ढाल्दा गएरातिदेखि विद्युतसमेत अवरुद्ध बनेको छ । अवरुद्ध विद्युत् सञ्चालनमा ल्याउन प्राविधिक टोली खटाइएको प्राधिकरणले जनाएको छ ।

# विद्यार्थी भर्ना र विद्यालय सञ्चालनमा अन्योल

**काठमाडौं/रासस-**स्वास्थ्य जोखिम बढ्दो रहेकाले आउँदो भदौ १ गतेदेखि भर्ना शुरु गरी विद्यालय खोल्ने सरकारको तयारी अन्योलमा परेको छ ।

सरकारले शैक्षिकसत्रको अवधि खेर जान नदिने गरी भर्ना शुरु गर्ने र त्यसको करिब दुई सातापछि विद्यालय सञ्चालनको तयारीका लागि शिक्षकलाई सम्बन्धित विद्यालयमा पुग्न निर्देशन दिएको थियो । सरकारले विद्यालय पुनः सञ्चालनको कार्यविधिको मस्यौदा पनि तयार गरेको थियो तर पछिल्ला दिनमा जोखिम बढेकाले अन्योल उत्पन्न भएको हो । अहिले यसबारे शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मात्रै निर्णय गर्न नसक्ने स्थिति पैदा भएको छ । विद्यार्थी भर्ना गर्दा विद्यालयमा शिक्षक, अभिभावक र विद्यार्थी भेला हुँदा पनि जोखिम हुनसक्छ ।

विद्यालय सञ्चालनको अधिकार स्थानीय तहको भए पनि विपद् जोखिमको स्थिति भएकाले ती तहले पनि केन्द्र सरकारको मार्गदर्शन पर्खिरहेका छन् । जोखिम कम भएका ठाउँमा सम्बन्धित तह र विद्यालय व्यवस्थापन समितिको निर्णयबाट आवश्यक सुरक्षा विधि अपनाएर विद्यालय खोलाउन सकिने भए पनि हतार गरिहाल्न नहुनेमा अभिभाव छन् । हरेक वैशाखमा नयाँ शैक्षिकसत्र शुरु हुनुपर्नेमा हाल वैकल्पिक प्रणालीबाट सिकाइ निरन्तरता भएको छ भने त्यसलाई औपचारिकता दिइ शैक्षकसत्रमा गणना दिनेबारे कुनै निर्णय गरिएको छैन । गत चैत ५ गते पनि शिक्षा मन्त्रालयले माध्यमिक शिक्षा परीक्षा, कक्षा १० (एसइई) सञ्चालनको सबै तयारी पूरा गरेका बेला कोरोना रोकथाम उच्चस्तरीय समन्वय समितिले परीक्षालगायत सबै शिक्षालय बन्दको निर्णय गरेको थियो ।

शिक्षा मन्त्रालयका प्रवक्ता दीपक शर्माले कार्यविधिको तयारी भए पनि विद्यालय कहिलेदेखि पुनः सञ्चालन गर्ने भन्नेबारेमा हालसम्म तय भएको बताउँदै विपद्जन्य स्थिति भएकाले शिक्षाका निकायले मात्रै निर्णय गर्ने स्थिति नरहेको बताए । विद्यार्थी भर्ना नभएसम्म विद्यालयमा विद्यार्थीका आकलन नहुने, शिक्षक व्यवस्थापन गर्न असहज हुने र शैक्षिक तथ्यांक संकनमा बाधा हुने अन्योल पनि कायमै छ ।

मन्त्रालयले गत साता कोभिड-१९ का कारण बन्द रहेका विद्यालयका शैक्षिक क्रियाकलापमा सहजीकरण गर्नेबारे जनस्वास्थ्य र सुरक्षाका मापदण्ड पालना हुनेगरी विद्यालयका शैक्षिक क्रियाकलाप सञ्चालनार्थ सहजीकरणका लागि तयारी रहन आग्रह गरेको थियो । शैक्षिक सत्र २०७६ को नतिजा प्रकाशन गर्न बाँकी रहेको भए नतिजा प्रकाशन गर्ने, २०७७ भाद्र १ गतेदेखि नयाँ विद्यार्थी भर्ना गर्ने र कक्षागत रुपमा विद्यार्थीको सङ्ख्यात्मक विवरण यकिन गर्ने, भर्ना भएका विद्यार्थीको शैक्षिक तथ्याङ्क भराउने, नयाँ शैक्षिक सत्रमा अध्ययन गर्ने विद्यार्थीलाई पाठ्यपुस्तक उपलब्ध गराउन बाँकी भए उपलब्ध गराउने, विद्यालयको शैक्षिक क्रियाकलाप सञ्चालनार्थ विद्यालय शिक्षकहरु विद्यालय पुगिसक्ने व्यवस्था मिलाउने र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय पुनःसञ्चालन सम्बन्धी कार्यढाँचा जारी गर्ने तय गरेको थियो ।

# प्यूठानका दुई वडा सिल







**रविन विश्वकर्मा/मध्यान्ह**
प्यूठान,२२ साउन

प्यूठानमा पहिलो पटक समुदाय स्तरमा कोरोना संक्रमण फैलिएको छ। बुधबार जनस्वास्थ्य प्रयोगशाला रुपन्देहीमा गरीएको कोरोना परीक्षण क्रममा कोरोना पुष्टि भएका ५ जना मध्ये प्यूठान नगरपालिका ७ की २२ बर्षिया युवतीमा कोरोना संक्रमण पुष्टि हो । समुदायस्तमै कोरोनाको संक्रमण फैलिएपछि प्यूठान नगरपालिकाको वडा नम्बर- ७ र ८ लाई पुर्णरुपमा सिल गरिएको छ । कोरोना संक्रमणलाई समुदायमा थप फैलिन नदिन प्यूठानको प्रमुख व्यापारिक केन्द्र बागदुला, पुण्यखोला, मरन्ठाना, धाइरेलगायतका क्षेत्रलाई पूर्णरुपमा सिल गरिएको हो ।

अत्यावश्यक कामबाहेक यातायात, पसल, उद्योग लगायतका सबै सेवा क्षेत्र पूर्णरुपमा बन्द गरिएको प्यूठान नगरपालिकाका मेयर अर्जुनकुमार कक्षपतीले बताए । बुधबार बसेको नगरस्तरीय बैठकको निर्णय अनुसार बुधबारदेखि २५ गते सम्मका लागि सिल गरीएको मेयर कक्षपतीले जानकारी दिए ।

संक्रमित युवती होटल व्यवसायी भएकोले उनको सम्पर्कमा आएका छिमेकी तथा अन्य परिवारका सदस्यको बिहानै देखि स्वाब संकलन गरी परीक्षणका लागि पठाउने तयारी भैरहेको स्वास्थ्य कार्यालयका प्रमुख बिशाल सुवेदीले बताए । अहिले संक्रमितको अवस्था सामान्य रहेको छ । पाँच जना संक्रमितलाई नगरपालिकाको आइसोलेशनमा राखिएको छ । हालसम्म नगरपालिकामा मात्रै ९४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । जिल्लामा कोरोना संक्रमितको संख्या ३ सय ४२ पुगेको छ भने ३ सय ३४ जना उपचार पछि निको भएर घर फर्किसकेका छन् ।

# प्रचण्डको निजी सुरक्षा दलका ६ सदस्यलाई कोरोना



**काठमाडौं/मस-** नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को निजी सुरक्षा दलका ६ सदस्यलाई कोरोना संक्रमण पुष्टि भएको छ ।

नेपाल प्रहरी अस्पताल, महाराजगञ्जमा बुधबार गरिएको स्वाब परीक्षणमा बाहिरी घेरामा सुरक्षाकर्मीमध्ये ६ जनामा कोरोना संक्रमण पुष्टि भएको हो ।

प्रचण्ड सचिवालय स्रोतका अनुसार पहिलो घेरामा रहेका सुरक्षाकर्मीहरुमा संक्रमण देखिएको छैन । गेटमा खटिने सेन्ट्री टोलीलगायतमा खटिने सुरक्षाकर्मीमा संक्रमण पुष्टि भएको हो ।

'प्रचण्ड'सहित परिवारका सदस्य एवं सचिवालयका सदस्यको भने कोरोना रिपोर्ट 'नेगेटिभ' आएको छ । अध्यक्ष दाहाललगायत परिवारका सम्पूर्ण सदस्य, सुरक्षाकर्मी र सचिवालयका सदस्यमा कोरोना परीक्षण गर्दा अध्यक्षको बाहिरी सुरक्षा घेरामा खटिएका छ सुरक्षाकर्मीमा मात्र संक्रमण पुष्टि भएको अध्यक्ष दाहालको सचिवालयले जनाएको छ । कुपण्डोलमा रहेको बिध म्यानेजमेन्ट प्रालिद्वारा सञ्चालित कोभिड ल्याबमा अध्यक्ष दाहाल, परिवार, सचिवालयका सदस्य र सुरक्षाकर्मीलगायत ५३ जनाको कोरोना परीक्षण गरिएको थियो ।

### भयावहको...

उपत्यकामा अस्पताल र स्वास्थ्यकर्मीको अभाव हुनसक्ने चेतावनी दिएका छन् । महामारीबाट बच्न आवश्यक सर्तकता अपनाउन आग्रह गर्दै उनले बैठक, सेमिनार वा भेला नगर्न आग्रह गरेका छन् ।

बिहीबारबाटै गृहमन्त्रालयले राजधानी उपत्यका सहित संक्रमण बढी भएको ३२ जिल्लामा निजी सवारी साधनमा जोरबिजोर प्रणाली लगाएको छ । मास्क नलगाइ हिड्नेलाई कार्बाही समेत अगाडि बढाइएको छ । लकडाउन खुलेपछि बढी जनसंख्या भएका शहरहरुमा संक्रमित संख्या बढेको, मृतक दर बढेको र भीभीआईपीमै संक्रमण देखिएकाले संक्रमणले भयावह निम्त्याउने जोखिम बढेर गएको छ । बिहीबार मात्रै नेकपाका कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको सुरक्षार्थ खटिएका ६ जनामा संक्रमण पुष्टि भएको छ ।

### उपत्यकामा ...

१० र भक्तपुरमा एक जनामा संक्रमण पुष्टि भएको हो । मन्त्रालयका प्रवक्ता डा गौतमले काठमाडौँ उपत्यका लगायत अन्य बाक्लो बस्ती भएको ठाउँमा संक्रमणको दर बढेकाले अस्पतालमा बेड उपकरण र स्वास्थ्यकर्मी अभाव हुन सक्ने भएकाले सबैलाई सावधानी अपनाउन आग्रह गरे ।

### अन्तर्राष्ट्रिय...

कोरोनाको त्रास देखाएर अन्तर्राष्ट्रिय उडान रोक्न नहुने माग गर्छन् । उनी भन्छन्, 'सतर्क भएर काम गर्ने हो भने कोरोनाले केही असर गर्दैन भन्ने संसारले बुझिसकेको छ । नेपाल सरकारले पनि अन्तर्राष्ट्रिय उडान शुरु गरेर लामो समयदेखि अलपत्र परेका हामीजस्ता कामदारहरुको उद्धार गर्नुपर्छ ।'

### फकाउँदै...

थियो । महामन्त्री पूर्णबहादुर खड्काले महाधिवेशन अगाडि गर्नुपर्ने भन्दै नौ बुँदे अजेण्डा प्रस्तुत गरेका थिए । क्रियाशील सदस्यता छानविन, भातृ एवम् शुभेच्छुक संस्थाको विधान संशोधन, समायोजन प्रक्रिया, एकताबाट आएकाहरुलाई सम्बोधन लगायतबारे छलफल गर्नुपर्ने प्रस्ताव खड्काले राखेका थिए । केही दिन अगाडि मात्रै भातृ संस्थाहरुको म्याद थप गर्ने निर्णय सभापति देउवाले गरेका थिए । उक्त प्रस्तावलाई अनुमोदन गराउन केन्द्रीय कार्य समिति बैठक बोलाउने तयारी भएको छ ।

# नवलपरासीमा ६ लाखको सुर्ती प्रहरीको नियन्त्रणमा

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, २२ साउन

नवलपरालीमा हरेक दिन जसो भन्नलार छली गरेर ओसार पसार गरिएका अबैध सामान प्रहरीले नियन्त्रणमा लिने क्रम बढेर गएको छ । यसैक्रममा लपरासीको सीमा क्षेत्रबाट करिब ६ लाख मूल्य बराबरको अबैध सुर्ती प्रहरीले नियन्त्रणमा लिएको छ ।



बिहीबार पाल्हिनन्दन गाउँपालिका वडा नं. ५ चमनटोलामा भारतबाट अबैधरुपमा ल्याई बेवारिसे अवस्थामा राखिएको अवस्थामा ६० बोरा सुर्ती जिल्ला प्रहरी कार्यालय र प्रहरी चौकी गेर्मीबाट खटिएको संयुक्त गस्ती टोलीले नियन्त्रणमा लिएको हो । बजार मूल्य अनुसार उक्त सुर्ती करिव छ लाख रुपैयाँ बराबरको रहेको प्रहरीको भनाइ छ ।

नियन्त्रणमा लिइएको सुर्ती आवश्यक कारवाहीको लागि महेशपुर भन्सार कार्यालय पठाइएको जिल्ला प्रहरी कार्यालय नवलपरासीले जनाएको छ ।

# अवैधरुपमा गर्भपतन गराउँदा आमा छोराको मृत्यु

**रुकुम पश्चिम/मस-** रुकुम पूर्वको एक निजी अस्पतालमा अवैध तरिकाले गर्भपतन गराउँदा शिशु र आमाको ज्यान गएको छ । जिल्लाको रुकुमकोटस्थित रुक्मिणी अस्पतालमा गर्भपतन गराउदा आमा र शिशुको मृत्यु भएको हो ।

मृत्यु हुनेमा रुकुम पश्चिमको मुसिकोट नगरपालिका वडा नम्बर ८ की स्थानीय २६ वर्षीया पुष्पा घर्ती र १ सय ५४ दिनको शिशुको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रुकुम पुर्वले मध्यान्हलाई जानकारी दिएको छ । प्रहरीले गैरकानुनी रुपमा गर्भपतन गराएको आरोपमा अस्पतालका एक डाक्टर सहित दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ परेकाहरुलाई जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान अगाडी बढाइएको प्रहरीले जनाएको छ । पक्राउ परेकालाई प्रहरीले बिहीबार दिउँसो पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेको थियो । अवैध रुपमा गर्भपतन गराउँदा अत्यधिक रक्तश्रावका कारण साउन २० गते राति यो घटना भएको जनाइएको छ ।

# दार्चुलामा बृद्धाको हत्या गरिएको आशंकामा छोरा पक्राउ

**गणेश सिंह धामी/मध्यान्ह**
दार्चुला, २२ साउन

दार्चुलाको दुँहु गाउँपालिकामा एक बृद्धा मृत फेला परेकी छन् । स्थानीय वडा नम्बर ३ ब्रह्मदेवमा ८० बर्षिया नारु देबी बम घरभन्दा करिब २५ मीटर टाढा मृत अवस्थामा फेला परेकी हुन् । दार्चुला प्रहरीका अनुसार बमको हत्या गरेको आशंका गरिएको छ । प्रहरीले मृतक बृद्धाका छोरा ५२ वर्षीय नरबहादुर बमलाई नियन्त्रणमा लिइएको छ ।

घटनाको अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय दार्चुलाबाट प्रहरी निरीक्षक भास्कर चन्दको नेतृत्वमा प्रहरी टोली घट्नास्थलमा खटिएको छ । मृतकको घाटीमा निलडाम देखिएको र शरीरको अन्य भागमा कुनै घाउ नदेखिएकोले घाँटी च्यापेर हत्या गरेको प्रारम्भिक अनुमान गरिएको जिल्ला प्रहरी कार्यालय दार्चुलाका प्रमुख डिएसपी पदम बिष्टले मजानकारी दिए । मृतकको शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल दार्चुला लैजाने तयारी भइरहेको प्रहरी निरीक्षक चन्दले मध्यान्ह राष्ट्रिय दैनिकलाई बताए ।



रोल्पाको त्रिवेणी गाउँपालिका तिलास्थित इतिहास बोकेको पहिलो जनयुद्ध स्मृति राष्ट्रिय संग्रहालयको मूल प्रवेशद्वार / तस्बिरःरासस

# देशभरका ३ सय १९ प्रहरीमा कोरोना संक्रमण

**काठमाडौं /मस-** पछिल्लो समय नेपाल प्रहरीमा कोरोना भाइरस(कोभिड-१९) को संक्रमण बढ्दै गएको छ । प्रहरी प्रधान कार्यालयदेखि जिल्लाहरुमा कार्यरत प्रहरी अधिकारी कोरोना संक्रमित भएका छन् । प्रहरी फ्रन्टलाइमा गएर काम गर्ने सरकारको पहिलो निकाय भएकाले पछिल्लो समय प्रहरी बढी संक्रमित हुन थालेका हुन् ।



**प्रधान कार्यालयमा ८५ जनामा कोरोना**

प्रहरी प्रधान कार्यालय नक्सालका थप १० जनालाई कोरोना भारइसको संक्रमण पुष्टि भएको छ । केन्द्रीय प्रहरी प्रवक्ता एसएसपी कुँवेर कडायतले थप १० जनामा संक्रमण पोजेटिभ देखिएको बताए ।

योसँगै प्रहरी प्रधान कार्यालयमा मात्र कोरोना संक्रमितको संख्या ८५ पुगेको छ । नयाँ थपिएका संक्रमितहरू पनि कन्ट्याक्ट ट्रेसिङका क्रममा पत्ता लागेको हो । थपिएका नयाँ संक्रमितलाई बलम्बुस्थित एपिएफ अस्पतालमा भर्ना गरिएको छ । संक्रमित सबैको स्वास्थ्य अवस्था सामान्य रहेको कडायतले जनाएका छन् । मुख्यालयमा सुरूमा चार जना प्रहरीमा संक्रमण पुष्टि भएको थियो । पछि उनीहरूको सम्पर्कमा आएकाहरूको परीक्षण गर्दा संख्या बढ्दै गएको छ ।

**देशभर ३ सय १९ प्रहरीमा कोरोना**

नेपाल प्रहरीको हालसम्मको तथ्यांकअनुसार देशभर विभिन्न स्थानका ३ सय १९ प्रहरीमा कोरोना संक्रमण देखिएको छ । जसमध्ये १ सय १९ जना डिस्चार्ज भइसकेका छन् । संक्रमितमा सबैभन्दा बढी प्रहरी प्रधान कार्यालयका मात्रै ८५ जना छन् । प्रहरी प्रवक्ता (एसएसपी) कुवेर कडायतका अनुसार हाल प्रहरी प्रधान कार्यालयका ८५, काठमाडौं उपत्यकाका ९, प्रदेश १ का २७, प्रदेश २ का २९, गण्डकी प्रदेशका ४०, बाग्मति प्रदेशका २, प्रदेश ५ का ७ र सुदूरपश्चिम प्रदेशका एकजना संक्रमित प्रहरीको उपचार जारी छ । यसबाहेक अरु डिस्चार्ज भइसकेका छन् ।

एकै दिन १६ सशस्त्र प्रहरीमा कोरोना

इलाममा बिहीबार एकै दिन १६ जना सशस्त्र प्रहरीमा कोरोना संक्रमण पुष्टि भएको छ । यही साउन साउन १८ गते स्वाब लिइएका ४२ सशस्त्र प्रहरीमध्ये १६ जनाको रिपोर्ट पोजेटिभ आएको हो ।

सशस्त्र प्रहरी एक नम्बर गण बाहिनीमा कार्यरत सशस्त्रमा कोरोना संक्रमण देखिएको हो । साउन १८ गते ४२ सशस्त्र र अन्य गरी ६८ जनाको स्वाब सङ्कलन गरेर पठाइएको थियो । हालसम्म यस गणमा जम्मा ४६ सशस्त्रमा कोरोना पुष्टि भइसकेको स्वास्थ्य कार्यालय इलामका कोरोना फोकल पर्सन विमल बरालले जानकारी दिए । उनका अनुसार जिल्लामा हालसम्म दुई नेपाली सेना र एक प्रहरीमा समेत कोरोना पुष्टि भइसकेको छ भने अन्य गरी इलाममा कोरोना संक्रमितको संख्या ७६ पुगेको छ । त्यस्तै १५ गते नै इलामको रोङ गाउँपालिकाबाट समेत १५४ जनाको स्वाब संकलन गरेर पठाइएकामा सबैको रिपोर्ट नेगेटिभ आएको छ । क्वारेन्टिनमा बसेका, गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी र स्थानीयवासीको रिपोर्ट नेगेटिभ आएको हो । कारोना फोकल पर्सन बरालका अनुसार इलाममा समुदायमा कोरोना नफैलिएकाले ढुक्क हुन सर्वसाधारणलाई उनले आग्रह समेत गरे ।

# राष्ट्रिय जनगणनाको १२ औं शृंखलामा पूर्णगणना गरिने

**काठमाडौं /मस-** राष्ट्रिय जनगणनाको १२ औं शृंखलामा पहिलोपटक पूर्णगणना गरिने भएको छ । यो जनगणना विसं २०७८ जेठ २५ देखि असार ८ गतेसम्म सञ्चालन हुनेछ ।

यस जनगणनामा सम्पूर्ण घरको प्रयोजनसहितको गणना, प्रविधिको प्रयोग, सामुदायिक प्रश्नावलीको प्रयोग विषयगत प्रतिवेदन र तथ्यांकमा सुलभ पहुँच हुने केन्द्रीय तथ्यांक विभागले जनाएको छ ।

विभागले आगामी जनगणना, २०७८ को तयारी सम्बन्धमा अन्तर्क्रिया गरी सो सम्बन्धमा भएका कामबारे जानकारी गराएको छ ।

विभागका निर्देशक ढुण्डीराज लामिछानेले जनगणना तयारीबारे प्रस्तुतीकरण गर्दै हालसम्म संघ, प्रदेश र स्थानीय तहबाट मस्यौदा प्रश्नावलीमा सुझावहरु सङ्कलन, तहगत समन्वय, सहकार्य र सहयोगसम्बन्धी अध्ययन प्रतिवेदन तथा प्रदेश सरकारको संलग्नतामा प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रम र ७७ जिल्लामा सचेतना तथा




अन्तर्क्रिया कार्यक्रम सम्पन्न भइसकेको जानकारी बताए ।

विभागले हरेक १० वर्षमा गरिने जनगणना विसं १९६८ देखि सञ्चालन गर्दै आएको छ । गत आर्थिक वर्षदेखि तयारी शुरु गरिएको यस गणनामा नेपालको जनसंख्या तीन करोड पुग्ने अनुमान गरिएको छ ।

नेपालमा हालसम्म ११ जनगणनाहरु सम्पन्न भइसकेका छन् । पहिलो जनगणना विसं १९६८ चन्द्रशम्सेरका पालामा भएको थियो । पहिलो चार जनगणनाहरू विसं १९६८, १९७७, १९८७ र १९९८ मा व्यक्ति-व्यक्ति गनेर गरिएको थियो । त्यस्तै विसं २००८ मा पाँचौं गणनाको तयारी हुँदाहुँदै राणाशासनविरुद्धको जनआन्दोलनले गर्दा गणनाको काम बीचैमा रोकिएको थियो ।

विसं २००९/११ को गणना (पाँचौं) अन्तर्राष्ट्रियरूपमा तुलनायोग्य, विसं २०४८ गणनामा पहिलोपटक लैंगिक तथा समावेशी गरिएको थियो भने विसं २०५८ मा पहिलोपटक राष्ट्रिय दिवसका रूपमा जनगणना दिवस (असार ८ गते) मनाउन थालिएको हो । विसं २०६८ मा जनगणनाको १०० वर्ष पूरा, ११औं जनगणनामा पशुपक्षीको समेत पूर्ण गणना गरिएको थियो भने विसं २०७८ हुने गणना संघीय संरचनामा पहिलो जनगणना हुनेछ ।

जनगणनाको संस्थागत व्यवस्था हेर्दा सबैभन्दा माथि राष्ट्रिय योजना आयोग, केन्द्रीय तथ्यांक विभाग, सामाजिक तथ्यांक महाशाखा, जनसंख्या शाखा, प्रदेश जनगणना कार्यालय, जिल्ला जनगणना कार्यालय, स्थानीय जनगणना कार्यालय रहेको छ । यस गणनामा नौ हजार सुपरीवेक्षक र ४३ हजार गणक रहने लामिछानेले बताए ।

विभागले विभिन्न जातजाति, भाषा, धर्म, क्षेत्र, वर्ग, अपांगता, बालबालिका तथा ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यकलगायत नागरिक समाजका संघसंस्था तथा सरोकारवालासँग छलफल तथा अन्तर्क्रिया कार्यक्रमका साथै नमूना (पाइलट) जनगणना गत असार १५ गते सम्पन्न गरिसकेको छ ।

गणनाको समयमा अक्सर बसोबास गर्ने स्थान, छ महिना वा सोभन्दा बढी बसोबास गर्ने वा बसोबास गर्ने मनसाय राखेका व्यक्ति, यस अवधिमा घर नभएका र चलायमान व्यक्तिको गणना जनगणनाको अन्तिम दिन जहाँ भेटिन्छन् त्यहीँबाट गरिने निर्देशक लामिछानेले बताए ।

# सवारी पास सम्बन्धी नयाँ व्यवस्था

**काठमाडौं /मस-** जिल्ला प्रशासन कार्यालय काठमाडौंले सवारी पास सम्बन्धमा नयाँ व्यवस्था लागू गरेको छ । कार्यालय परिसरमा मानिसको अत्याधिक भीड हुन थालेको र सार्वजनिक निकायका व्यक्तिहरुमा समेत कोभिड-१९ देखिन थालेपछि भीडभाड रोक्न र सामाजिक दूरी कायम गर्न उक्त व्यवस्था गरिएको प्रशासकीय अधिकृत कमलप्रसाद पाण्डेले बताएका छन् ।

अब अत्यावश्यक कामका लागि गाडीको पास चाहिएमा काठमाडौं प्रशासनमा अघिल्लो दिन निवेदन दिएर जाने तथा त्यसको भोलिपल्ट मात्रै पास लिनका लागि आउनुपर्ने हुन्छ ।



निवेदन दिएर सोही दिन पास लिन कुर्दा मानिसको भीडभाड बढी हुने भएकाले त्यस्तो व्यवस्था गरिएको जनाइएको छ ।

पाण्डेका अनुसार अघिल्लो दिन सङ्कलन भएको निवेदनको आधारमा भोलिपल्ट बिहान ८ बजेबाट पास वितरण गरिने छ । त्यसका लागि गेटमै निवेदन दिने र सोही स्थानबाट पास लिने व्यवस्था मिलाइएको जिल्ला प्रशासन कार्यालय काठमाडौंले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

काठमाडौंमा पछिल्लो समयमा कोभिड-१९ को जोखिम बढ्दै गएकाले आवागनमा कडाइ गरिएको तथा सीमा नाकामा निगरानी बढाइएको छ ।

गृह मन्त्रालयले ७७ वटै जिल्लामा परिपत्र गर्दै अत्यावश्यक काम बाहेकका लागि पास नदिन निर्देशन जारी गरिसकेको छ ।

सरकारले बिहीबारदेखि राजधानी उपत्यकासहित ३२ जिल्लामा निजी सवारी साधनमा जोरबिजोर प्रणाली लागू गरेको छ ।

# लायन्स क्लबको 'कोभिड-१९ म्यानेजमेन्ट सपोर्ट' सप्ताह सम्पन्न




**काठमाडौं /मस-** लायन्स डिस्ट्रिक्ट ३२५ ए २ ले कोभिड-१९ म्यानेजमेन्ट सपोर्ट सप्ताह कार्यक्रम सम्पन्न गरेको छ ।

डिस्ट्रिक्टका लगभग अधिकतम क्लबहरुका अग्रसरतामा लायन्स डिस्ट्रिक्टले सप्ताहव्यापी कार्यक्रम सफल पारेको हो । कोभिड-१९ म्यानेजमेन्ट सपोर्ट सप्ताह कार्यक्रमको समाप्ति पश्चात डिस्ट्रिक्टले जुममार्फत कार्यक्रमको समिक्षा समेत गरेको छ । डिस्ट्रिक्ट गर्भनर लायन डा. शुशिला मल्लको अध्यक्षतामाभ भएको बैठकमा सम्बोधन गर्दै पूर्व गर्भनर लायन प्रधानाङ्गले कोभिड-१९ को महामारीले नेपालमा मात्र नभई विश्वका सबै देशरुमा डरत्रासको माहौलमा मानिसहरु बाँच्न बाध्य भएको बताए । उनले यस्तो त्रासदि वातावरणमा पनि विश्वभरका लायन्सहरु मानव सेवाको कार्यमा अग्रस रहि भूमिका निर्वाह गरिरहकोमा लायन्सहरुको लागि गर्वको विषय भएको बताए ।

डिस्ट्रिक्टले शुरुगरेको कोभिड-१९ म्यानेजमेन्ट सपोर्ट विक (सप्ताह) कार्यक्रममा डिस्ट्रिक्टका लगभग सबै क्लबहरुले आ-आफ्नो ठाउँबाट र आ-आफ्नो क्षमता अनुसार कोभीड-१९ म्यानेजमेन्ट सपोर्ट विक कार्यक्रम सफल पार्न खेलेको भूमिकाले सिङ्गो डिस्ट्रिक्टलाई गौरवान्वित भएको पनि पूर्व गर्भनर लायन प्रधानाङ्गले बताए ।

कोभिड-१९ म्यानेजमेन्ट सपोर्ट विक कार्यक्रम अन्तर्गत खाद्यान्न, फल फुल तरकारी, स्कुल ब्याग, टिफिन बक्स, मास्क, सेनिटाईजर, पीपीई, सर्जिकल मास्क, पानी बोतल, हेण्ड ग्लोभ लगायत दैनिक अतिआवश्यक वस्तुका साथै संक्रमणबाट जोगिन मदत्त पुग्ने सामाग्रीहरु वितरण गरिएको थियो ।

डिस्ट्रिक्ट ३२५ ए २ का क्लबहरुले उक्त सामाग्री टोखा, सानो भञ्याङ, त्रिपुरेश्वर सुकुमवासी बस्ती, अपाङ्ग सेवा केन्द्र तारकेश्वर, नयाँ बस पार्क, काँडाघारी प्रहरी प्रभाग, नवयुवा बाल सुधार केन्द्र, प्युन्टार, श्रीजनशिल बाल आश्रम गोठाटार, पवित्र समाज सेवा चण्डेश्वरी टोखा, नव युवा सुधार समिति बुढानिलकण्ठ मुहानपोखरी, लहान र निजगडमा राहत स्वरुप सहयोग वितरण गरेका थिए ।

यस्तै माईतिघर मण्डला र कोटेश्वर चौक प्रहरी प्रभागमा कोभीड-१९ जनचेतना कार्यक्रम समेत सम्पन्न गरेको थियो । त्यस्तै प्रथम भाईस गर्भनर लायन केशव पाण्डेले निजि रुपमा पोखरा, चितवन र काठमाडौंका विभिन्न स्वास्थ्य केन्द्रलाई पीपीई, मास्क र सेनिटाईजर सहयोग गरेका थिए ।

# रुकुममा भित्रियो सलहको झुण्ड, मकैमा क्षति



**अर्जुन बिष्ट /मध्यान्ह**
रुकुम पश्चिम, २२ साउन

दुई वर्ष अघिदेखि फैलिएको अमेरीकन फौजिकिराको संक्रमण नियन्त्रणमा नआउँदै अचानक सलह किरा भित्रिएपछि रुकुमका किसानहरु चिन्तित भएका छन् । गत असारमा भारतको बिहारतर्फबाट प्रबेश गरेको सलह (फट्याङ्ग्रा) किरा रुकुम पश्चिमको आठबिसकोट नगरपालिकामा फैलिएपछि किसानहरु थप चिन्तित भएका हुन् । झुण्ड झुण्डमा देखिएको सहल नगरपालिकामा तिव्र गतिमा फैलन थालेपछि किसानहरु चिन्तित बन्दै नियन्त्रणका लागि हारगुहार माग्ने समय आएको स्थानीय कृषकहरु बताउँछन् ।

आठबिसकोटको वडा नं. ९ को ठरचौर, बुगेरी, भौरित, गाराछरी, बटालागाउँ र वडा नम्बर -८ को घर्तीगाउँ, लाता, नाउला र वडा नम्बर १० को केहि स्थानमा सलहको झुण्ड देखिएको छ । यी क्षेत्रमा ठुलो संख्यामा आएको सलहले मकै तथा धानबालीमा क्षेती पुर्याएपछि किसानहरु आत्तिन थालेका छन् । मंगलबार र बुधबार आठबिसकोट नगरपालिका ८, ९ र १० मा देखा परेको सलह यसअघि पुर्वी रुकुममासमेत फैलिएको थियो । किसानको मकै, धान, फलफुल, तरकारी लगायतका कृषि उत्पादनमा सलहले हुर्रहुर आउँदै खाँदै उड्ने गरेको छ । 'एकैदिनमा धेरै किसानको अन्नबालीमा क्षति पुर्याएको खबर आउँदा पनि नगरपालिकाको कृषि प्राविधिक लगायतको टोली र जनप्रतिनिधिसमेत त्यसतर्फ अध्ययन गर्न नगएको स्थानीयको गुनासो छ । नगरपालिकाका अधिकांश क्षेत्रमा मकै, भटमास, धानबाली लगाईएको छ । कृषि बालिमा संक्रमण भएको अमेरिकन फौजी किरा नियन्त्रणमा नआए यी क्षेत्रहरूमा ठुलो क्षति गर्ने अनुमान छ ।

# दुवै कोरिया एक हुनुपर्ने चाहना राख्दै किम जोङलाई शुभकामना सन्देश

**काठमाडौं /मस-** प्रजातान्त्रिक जनवादी गणतन्त्र कोरिया उत्तर कोरियाका डेपुटि काउन्सेलर अफ मिसन किम जोंग ह्योकमार्फत उत्तर कोरियाली नेता तथा महासचिव किम जोङ उनलाई दुवै कोरिया एक हुनुपर्ने चाहना राख्दै शुभकामना सन्देश पठाइएको छ ।



कोरियाको शान्तिपूर्ण पुनः एकीकरणको लागि इन्टरनेशनल कमिटी टु स्टडी संगुन पोलिसी फर पिसफुल रियुनियन अफ कोरियाद्वारा काठमाडौंको मिनभवनमा हालै आयोजित कार्यक्रममा कार्यक्रमका सभापति एवं संस्थाका अध्यक्ष बसन्तकुमार श्रेष्ठ र कार्यक्रमका प्रमुख अतिथि प्रदेशसभा सांसद गणेश दुलालले संयुक्त रुपमा शुभकामना सन्देश हस्तान्तरण गरेका छन् ।

कार्यक्रममा उत्तर कोरियाका डेपुटि काउन्सेलर अफ मिसन किम जोंग ह्योकले देश टुक्रिएको ७० वर्ष पुगेको, बाहिरी हस्तक्षेपबिना कोरियाली जनताले चाहेजस्तो सम्मान पूर्वक एकीकरणको चाहना त्यहाँका जनतामा रहेको बताए ।

नेकपा केन्द्रीय सदस्य गंगा कार्कीले अगाडि कोसेली देखाउने पछाडि बन्दुक लुकाएर लिएर आउने, नेपालको प्राकृतिक स्रोत-साधन नियन्त्रण गरेर हैकम जमाउन अमेरिकी साम्राज्यवाद लागेकोले, एमसीसीविरुद्ध एकताबद्ध हुन जरुरी रहेको बताए ।

कार्यक्रमका प्रमुख अतिथि नेकपाका सांसद् गणेशप्रसाद दुलालले भने, 'साम्राज्यवादीहरूले के-के गर्दछन्, सय वर्षको इतिहास हेर्दा प्रष्ट हुन्छ, यसको बाबजुद उत्तर कोरियाले समृद्धि हासिल गऱ्यो । अब हामी एकीकृत कोरिया हेर्न चाहन्छौं ।'

कार्यक्रमका सभापति वसन्तकुमार श्रेष्ठले साम्राज्यवादीले देशलाई टुक्राउँदा कोरियाली जनताको मन टुटेको बताए ।

उनले कोरिया पुनः एकीकृत हुनुपर्ने धारणा राख्दै त्यहाँको विकासको मोडेल उदाहरणीय र उत्तरकोरियाले गरको प्रगति-समृद्धिको प्रशंसा गरे ।

उनले भने, 'उत्तर कोरियामा १४ प्रतिशत खेतीयोग्य भूमि हुँदा पनि देश आत्मनिर्भर छ । त्यहाँ विकासले फड्को मार्नु, नागरिकको स्वास्थ्य, शिक्षा सरकारले ब्यहोर्नु चानचुने कुरो होइन् ।'

कोरियाको सम्मान पूर्वक पुनः एकिकरण हुनुपर्छ भन्ने कुरामा न्यायप्रेमी नेपाली जनताको समेत साथसमर्थन रहेको बताए ।

## सम्पादकीय

# अनुशासनहिनताको महामारी

गएको डिसेम्बरदेखि शुरू भएको कोभिड महामारीका कारण शुरूवाति चरणका केही समयसम्म तथ्यहरूले खुबै तनाव दिएको थियो। सानो संख्यामा संक्रमित देखिदा पनि धेरैको ध्यान तानिने समय लगभग विश्वभर नै टरिसकेको छ। त्यसको प्रत्यक्ष अनुभव नेपालमै पनि भइसकेको छ। माघ ९ गते पहिलो कोभिड संक्रमित नेपालमा भेटिएका थिए। चीनबाट फर्किएका नेपालीमा देखिएको संक्रमितले धेरैलाई तर्साएको थियो। त्यसैबेला चीन बाहेक विश्वका केही देशमा मात्रै संक्रमण देखिएको थियो। दक्षिण एसियामा त संक्रमण देखिएको त्यही नै पहिलो समेत थियो।

त्यसको लामो समयसम्म नेपालमा संक्रमण देखिएन। तर, तेस्रो जनामा संक्रमण देखिएपछि भने सरकारले रोकथामको प्रयास थाल्यो। त्यसबेला संक्रमण यूरोप हुँदै अमेरिका पुगिसकेको थियो। यूरोप महामारीको इपीसेन्टर बनेको खबरले विश्वलाई नै तर्साएको थियो। हरेक दिन बढेको संक्रमित संख्यामा समाचार विश्वभर बनिरहेको थियो। तर, अहिले लगभग विश्वका अन्य देशमा संक्रमित बढेको संख्याबारे समाचार चासोमा पर्न छोडिसकेको छ। जबकी छिमेकी मुलुक भारत विश्वकै बढी प्रभावित हुने तेस्रो मुलुक बनिसकेको छ। विश्वभर एक करोड ९० लाख संक्रमित भेटिदा भारतमा मात्रै १९ लाख नाघेको छ। अहिलेसम्म विश्वमा संक्रमणबाट सात लाख ११ हजारको मृत्यु नै भइसकेको छ।

नेपालमा पनि शुरूवाति दिनमा जसरी संक्रमित संख्या त्रसित बनाउन छोडिसकेको छ। अर्थात्, कोभिड महामारीबाट सिर्जना हुने त्रसित मनोविज्ञान बिस्तारै हट्दै गएको छ। यदि, होइन भने नेपालजस्तो सानो देशमा २१ हजार बढी संक्रमित भेटिनु सामान्य होइन। नेपालमा संक्रमणबाट मृत्यु हुनेको संख्या ६५ जना पुगिसकेको छ। १२० दिन लामो लकडाउन गएको साउन ७ गते अन्त्य भएपछि भने जोखिमको त्रास फेरि बिस्तारै बढ्न थालेको छ।

किनभने, राजधानी उपत्यकामा दिनहुँ संक्रमित पुष्टि हुनेको संख्या बढिरहेको छ। बुधबार त एक जनाको मृत्यु नै भयो। अझ एकपछि अर्कोगरी भीभीआईपीहरूमै संक्रमण पुष्टि भएको खबरले बढी त्रसित बनाएको छ। प्रदेश नम्बर दुईका कानून मन्त्रीलाई संक्रमण पुष्टि भएपछि उनीसँग सम्पर्कमा रहेका कारण प्रधानमन्त्री र गृहमन्त्री समेत संक्रमणको जोखिममा तानिएका छन्। यसअगाडि स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सांसद र जनप्रतिनिधिमा संक्रमण देखिसकेको थियो। तर, भीभीआईपीमा संक्रमण देखिनु र धेरै जनसंख्या भएको शहरहरूमा संक्रमण देखिएपछि सरकारले थप कडाइ गर्ने संकेत देखाएको छ। संक्रमणको जोखिम देखिएका ठाउँहरूमा निजी सवारी साधनहरूमा जोरबिजोर प्रणाली लागू गरिसकेको छ। फेरि लकडाउनकै माग समेत हुन थालेको छ।

तर, भुल्न नहुने तथ्य भनेको लकडाउन आफैंमा विकल्प होइन। सतर्कता अपनाउनमा लापरबाही भएमा सरकारले नागरिक अनुशासित बनाउने बाध्यकारी हस्तक्षेप हो, यो। महामारी रोकथामको प्रमुख अस्त्र भनेको नागरिक नै अनुशासित हुनु हो। संसारकै बढी जनसंख्या भएको मुलुक चीनले रोकथामलाई प्रभावकारी बनाउनुमा त्यहाँका नागरिकले अपनाएको अनुशासित जीवनशैली महत्वपूर्ण थियो। त्यसैले लकडाउन हुनुपर्छ वा पर्दैन भन्ने कुरा सरकारको निर्णय हो। तर, नागरिकले अनुशासन तोडेमा भने महामारीको भयावह रोकिने छैन।

## सामाजिक सञ्जाल



जनता-सांसदको बहुमतले प्रम बनेका ओलीलाई पार्टी गुटविशेषको बहुमतले फाल्न मिल्छ र भन्या ? राजनीतिक संकिर्णताको पनि हद हुन्छ नि यार !

**- केदार खड्का**



नेपालको रामसँग आत्मीय सम्बन्ध सितासँग जोडिएको छ भन्ने मोदी वाणीमा केको गदगद हो ? हुनत बुद्ध नेपालमा जन्मेको भन्दा ताली ठोकेका हात अझै दुखेका छन्।

**- निमेष बन्जाडे**



सबै मुख्य एजेन्डाबाट अल्मलाउने खेल। देश सामाजिक, आर्थिक रूपमा संकटमा हुँदा राजनीतिले निकास दिने हो। तर राजनीति नै संकटमा पारेर अल्मलाई राखिएको छ। भूकम्पले गम्भीर बनाएर नेतृत्व एकजुट भएको दृष्टान्त कोरोनामा फिटिक्कै मिल्दैन। कि सबै ठीक छ भन्ने लागेको छ ?नेतै नेता भएको नेतृत्वविहीन देश।

**- विजय पौडेल**



युट्युबेलाई 'पत्रकार' र टिक(टिकेलाई 'कलाकार' र ट्विटेलाई 'बुद्धिजिवी' भन्नु उस्तैउस्तै हो। नानु !


**- मधुरमण आचार्य**


### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला। समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं। कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article .madhyanhadaily@gmail .com


# समग्र विकासका लागि महिलाहरूको सहभागिता



■ के.बी. बस्नेत

"

वास्तवमा विकासको कुनै पनि काम सहज छैन। यसका निम्ति व्यापक चिन्तनको साथै जनमानस जगाउने काम नेपाली समाजका प्रत्येक व्यक्तिहरूमा हुन आजको अपरिहार्य आवश्यकता हो।

नेपाल एक अति कम विकसित राष्ट्र हो। त्यसैले आजसम्म पनि यहाँका धेरै व्यक्तिहरु गाँस, बास र कपास जस्ता आधारभूत आवश्यकताहरुबाट वञ्चित छन्।

यदि आज हाम्रा कुनै शत्रुहरु छन् भने ती हाम्रै पछौटेपन तथा अभाव हुन् र तिनै शत्रुहरु विरुद्ध हामीले लड्नु परेको छ। यसका लागि हामीले विभिन्न क्षेत्रहरुको विकास गर्नुपरेको छ। तर आजसम्म पनि यो कुरा कागजमा मात्र सीमित भएको छ।

वस्तुतः विकासको हाम्रो तात्पर्य भौतिक उत्पत्ति मात्र होइन। हामीले खोजेको विकास मानव जातिको सम्पूर्ण आध्यात्मिक, बौद्धिक, सांस्कृतिक एवम् भौतिक विकाससँग अपरिहार्य सम्बन्ध राख्दछ। आवश्यक परेको अवस्थामा अन्तर्राष्ट्रिय सहयोग लिए तापनि मुख्यतः हामीले स्वदेशी स्रोत तथा साधनहरुको परिचालन गरेर यहाँको सर्वाङ्गीण विकास गर्नुपरेको छ। यसका लागि जसरी माहुरीहरुले विभिन्न किसिमका फूलहरुबाट मह सञ्चय गरी घर बनाउँछन्। त्यसरी नै विदेशमा गई स्वदेशको हावापानी र माटो सुहाउँदो सीप एवम् ज्ञान आर्जन गरी नेपालीहरुले एक सबल आधुनिक राष्ट्रको रचना गर्ने काममा संलग्न रहनुपरेको छ।

वास्तवमा विकासको कुनै पनि काम सहज छैन। यसका निम्ति व्यापक चिन्तनको साथै जनमानस जगाउने काम नेपाली समाजका प्रत्येक व्यक्तिहरुमा हुन आजको अपरिहार्य आवश्यकता हो। कुनै पनि विकास कार्यहरु गर्न समस्याहरु सामना गर्नुपर्छ। तर तिनीहरुलाई ढाकछोप गर्ने वा लुकाउनुको सट्टा तिनीहरुलाई अगाडि राखेर कसरी मुकाबिला गर्ने भन्नेतिर हाम्रो ध्यान आकृष्ट हुनु परेको छ।

वर्तमान समयमा विकास हाम्रो निमित्त सर्वोपरी भएको छ र अन्य मुलुकहरुमा हेरी हामीकहाँ यसको प्राथमिक अनिवार्यता देखिएको छ। त्यैसैले आज हामीले विकासको अभियानमा दरो पाइला चाल्न सक्नुपरेको छ। जसका लागि महिलाहरुको सहभागिता नितान्त आवश्यक छ।

विगत केही दशकयता नेपाली महिलाहरुलाई विकास कार्यहरुमा सहभागी बनाउने उद्देश्यले यहाँको विभिन्न भागमा विभिन्न कार्यक्रमहरु संञ्चालन गरिए। यसै सन्दर्भमा शिक्षाक्षेत्रमा महिलाहरुको सहभागिता केही अभिवृद्धि भएको छ। यसो हुनाका कारणहरुमा उनीहरुलाई प्रदान गरिएको निःशुल्क शिक्षा, छात्रवृत्ति, साक्षर महिलाहरुका लागि विभिन्न तालिमका अवसरहरु र न्यूनतम शिक्षा प्राप्त गरेपछि उनीहरुलाई शिक्षण



पेशामा आबद्ध हुन सक्ने जस्ता सुविधाहरु हुन्।

विगत केही वर्षयता घरेलु तथा साना उद्योगहरुमा र खास गरेर ग्रामीण क्षेत्रमा महिलाहरुको सहभागिता बढेको छ। यसबाट निःसन्देह पनि उनीहरुको आयआर्जन वृद्धि भई जीवनस्तरमा समेत सकारात्मक प्रभाव परेको छ। तर बेलाबेलामा आवश्यक मात्रामा कच्चा पदार्थ एवम् बजारको अभाव हुनाले उनीहरु निरुत्साही भएका छन्। यसैले उक्त क्षेत्रमा उनीहरुको सहभागिता बढाउन सम्बन्धित क्षेत्रबाट यथोचित व्यवस्था गर्न आवश्यक छ।

नेपाल एक कृषि प्रधान देश हो, जहाँ हालसम्म अधिकतम व्यक्तिहरु कृषिमा आश्रित छन्। यस क्षेत्रमा खास गरेर ग्रामीण महिलाहरुको सहभागिता अधिकतम छ। तर आजसम्म पनि उनीहरु पुरानै प्रणालीमा अभ्यस्त भएकाले अपेक्षित मात्रामा कृषि उत्पादन गर्न सकिएको छैन। त्यसैले सम्बन्धित पक्षले उनीहरुलाई नयाँ खेतीपाती गर्ने तरिका तथा उन्नत कृषि सामग्रीहरुको यथोचित समयमा व्यवस्था गरिदिएमा उनीहरुको कृषिक्षेत्रमा सहभागिता वृद्धि भई यहाँको कृषि विकासमा समेत थप टेवा पुग्न सक्ने कुरा नकार्न सकिदैन।

आज हाम्रो देशमा दिन प्रतिदिन तीव्र रुपले वन विनाश भइरहेको कुरा निर्विवाद छ। हुन त वन विकासमा महिला सहभागिता नभएको होइन। कतिपय जिल्लाका सामुदायिक वनहरुमा उनीहरुको सहभागिता प्रशंसनीय छ। तर धेरैजसो महिलाहरुमा आजसम्म पनि आवश्यक ज्ञानको कमीले गर्दा उनीहरुले यस क्षेत्रमा ठोस योगदान पुऱ्याउन सकेका छैनन्। त्यसैले उनीहरुलाई बेलाबेलामा वृक्षरोपण, जडिबुटी खेती एवम् वन संरक्षणसम्बन्धी तालिम प्रदान गर्न सकेमा उनीहरुको सहभागिताले वन विकासमा सार्थकता पाउनेछ।

आज हाम्रो देश ऊर्जाको संकटले ग्रस्त छ। वर्तमान समयमा यहाँका अधिकतम महिलाहरुलाई ऊर्जाको विकासमा संलग्न गर्न सके उनीहरुबाट यस क्षेत्रमा ठूलो योगदान पुग्न सक्ने कुरा नकार्न सकिँदैन। यसै सन्दर्भमा उनीहरुलाई खास गरेर ग्रामीण क्षेत्रमा गोबर ग्याँस तथा सौर्य ऊर्जा उत्पादन एवम् उपकरणहरु मर्मतसम्बन्धी तालिम प्रदान गर्न सकेमा विद्यमान ऊर्जा सङ्कट न्यून गर्ने काममा सघाउ पुग्ने कुरामा दुईमत नहोला।

कुनै पनि देशको सम्पूर्ण क्षेत्रको विकासका लागि यहाँको राजनीति विकासमुखी हुनुपर्छ। विश्वका धेरै राष्ट्रहरुको अनुभवबाट यो कुरा प्रमाणित भएको छ कि राजनीतिलाई विकाससँग आबद्ध गर्न सकिएन भने कुनै पनि देशको कुनै पनि क्षेत्रको ठोस विकास गर्न सकिदैन।

हाम्रो जस्तो आधा आकाश महिलाहरुले ओगटेको देशमा अधिकतम महिलाहरुलाई राजनीतिको मूल प्रवाहमा समाहित गर्न नसकेमा यहाँको सर्वाङ्गीण विकास गर्न कठिन हुनेछ। त्यसैले यहाँको सर्वतोमुखी विकासका लागि महिलाहरुलाई स्थानीय तहदेखि राष्ट्रिय तहसम्म बढीभन्दा बढी सहभागी गराउन जरुरी छ।

वास्तवमा कुनै पनि क्षेत्रमा महिलाहरुको सहभागिता अभिवृद्ध गर्न उनीहरु पुरुषहरुसँग प्रतिस्पर्धा गर्न सक्षम हुनुपर्छ। यसका लागि उद्यमशील संस्कृतिको विकास गर्नु अपरिहार्य आवश्यकता हो।

# विकासको बाधक भ्रष्टाचार



सुदर्शन अधिकारी

भ्रष्टाचार हाम्रो सन्दर्भमा ठूलो समस्या बन्दै गएको छ। भ्रष्टाचारकै कारण हाम्रा विकासको गति पछि धकेलिएको देखिन्छ। जबसम्म देशमा भ्रष्टाचारको अन्त्य हुँदैन तबसम्म जनताले अपेक्षा गरेअनुरूप विकासका कार्यहरू हुन सक्तैनन्। सुशासन कायम गर्नका लागि पनि भ्रष्टाचारको अन्त्य अनिवार्य सर्त हुन आउँछ। हरेक सरकारले भ्रष्टाचारको अन्त्य गर्ने प्रतिबद्धता जनाउँछन्, तर व्यवहारमा भने त्यसको कार्यान्वयन हुनुको साटो झनै भ्रष्टाचार मौलाउँदै गएको पाइन्छ। देशमा भ्रष्टाचार नियन्त्रण गर्नका लागि विभिन्न निकायहरू र संवैधानिक अंगको व्यवस्था पनि नगरिएको भने होइन। 'जो रक्षक उही भक्षक' भनेझैं अख्तियार दुरुपयोग अनुसन्धान आयोगकै आयुक्त भ्रष्टाचारमा लिप्त हुन्छन्।

जसले भ्रष्टाचार नियन्त्रण गर्ने हो त्यही भ्रष्टाचार हुन्छ भने कसरी भ्रष्टाचार नियन्त्रण भएर सुशासन कायम गर्न सकिन्छ र ? भ्रष्टाचार हटाउने उद्देश्यले गठित अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, सम्पत्ति शुद्धीकरण आयोग, राष्ट्रिय अनुसन्धान केन्द्रलगायतका आधिकारिक निकाय सक्रिय भएर पनि भ्रष्टाचार न्यून गर्न नसक्नु गम्भीर चिन्ताको विषय बनेको छ। वर्तमान सरकार गठन भएपछिका चर्चित र ठूला भ्रष्टाचारका घटनाहरू प्रशस्तै छन्, जसमा ३३ किलो सुन काण्ड, वाइडबडी विमान खरिद प्रकरण, सरकारी जग्गा व्यक्तिका नाममा देखिनुलगायतका दर्जनौं घटना हुन्।


भ्रष्टाचारमा जोसुकै दोषी देखिए पनि कानुनअनुसार कडा कारबाही गरी भ्रष्टाचारीलाई निरुत्साहित बनाउने कार्य गर्नुपर्ने हो, तर त्यो भने भएको देखिँदैन। पत्रपत्रिका, टेलिभिजनमा १०, २० र ५० हजार घुस लिँदालिँदै रङ्गे हात अख्तियारको टोलीले पक्राउ गऱ्यो भनेर आउने गर्छ, तर करोडौं रकम हिनामिना गर्नेलाई भने कहिल्यै पक्रेको घटना प्रचारमा आउँदैन। ट्रान्सपरेन्सी इन्टरनेसनलले बर्सेनि भ्रष्टाचारसम्बन्धी तथ्याङ्क प्रकाशन गर्छ। त्यसमा नेपालको अवस्था झनै भ्रष्टाचार बढ्दै गएको मात्रै देखिन्छ। दृढताका साथ भ्रष्टलाई कारबाही गर्ने हिम्मत किन राज्य संयन्त्रको देखिँदैन ? यसको जवाफ आमनेपाली खोजिरहेका छन्।

सामान्यतया कुनै पद धारण गरेको व्यक्तिले प्रचलित कानुनविपरीतको आचरण देखाई आर्थिकलगायत अन्य सुविधा लिने कार्यलाई भ्रष्टाचार भनिन्छ, जसअन्तर्गत राष्ट्रसेवकले लिन, खान हुनेमा बाहेक रकम दस्तुर, सलामी, बकस नगद वा जिन्सी जुनसुकै आर्थिक लाभ गर्न लिने कार्यहरू भ्रष्टाचारभित्र पर्छन्। सरकारी सम्पत्तिको दुरुपयोग गर्ने तथा सरकारी कामकाजका लागि सेवाग्राहीबाट रकम माग्ने कार्यलाई भ्रष्टाचार भनिन्छ। भ्रष्टाचार हुनुका पछाडि विभिन्न कारण रहेका हुन्छन्, राजनीतिक अवस्था अस्थिर हुनु, भ्रष्टाचारविरुद्ध कडा कारबाही नहुनु, बनेका कानुनको कार्यान्वयन प्रभावकारी नहुनु, जनचेतनाको कमी हुनु, सरकारी कर्मचारीको तलव कम हुनु, जिम्मेवारी बोधको अभाव हुनु, जसरी भए पनि धनी बन्नुपर्छ भन्ने भावना हावी हुनुजस्ता अनेकौं कारणहरू रहेका छन्।

देशमा भ्रष्टाचार हटाउन गर्नुपर्ने कार्यहरू प्रशस्तै छन्, जसअन्तर्गत प्रचलित ऐन-कानुनलाई प्रभावकारी बनाउन संशोधन गरी समसामायिक बनाउने, प्रचलित कानुनको प्रभावकारी कार्यान्यन गर्ने, भ्रष्टाचारजन्य मुद्दालाई छिटो टुङ्ग्याउने, कर्मचारीको न्यूनतम आवश्यकता पूरा हुने तलबको व्यवस्था गर्ने, जनचेतनामूलक कार्यक्रमको प्रचारप्रसार गर्ने, भ्रष्टाचारीलाई सामाजिक बहिष्कार गर्ने, पारदर्शी पद्धतिको अवलम्बन गर्ने, पाठ्यक्रममा भ्रष्टाचारसम्बन्धी विषयलाई प्राथमिकता दिने, निष्पक्ष र स्वतन्त्र पत्रपत्रिकालाई जोड दिने लगायतका कार्यहरू गर्नुपर्ने देखिन्छ। भ्रष्टाचार दण्डनीय र समाजिक अपराध हो, यो गर्नु हुँदैन भन्ने भावनाको विकास गर्ने नैतिक शिक्षाको विकासमा पनि ध्यान दिनुपर्छ।

वर्तमान सन्दर्भको कार्यशैली जहाँ विकास-निर्माणका काम गर्ने परिपाटी छ त्यो सबै कमिसनमा चल्छ। ठेक्का कार्यमा सम्बन्धित कार्यालयका कर्मचारीलाई कुल खर्चको १०-१५ प्रतिशत रकम दिनुपर्ने हुन्छ। कतिसम्म लापरवाही हुन्छ भन्ने उदाहरण बन्दा बन्दैको पुल भत्कन्छ। सडक पिच गरेको भोलिपल्टै उप्कन्छ। ढल निर्माण गरेको चौबीस घण्टा नबित्दै ढल जाम भएर बाटो अवरुद्ध हुन्छ। ठेक्काको कार्य सम्पन्न गर्ने भनेको समयभन्दा दोब्बर समय थप गर्दा पनि कार्य सम्पन्न हुँदैन। समयसँगै लागत बढ्न गई चर्को खर्च गर्नुपर्ने समस्या त छँदैछ, ठूला ठेकेदारहरूको पहुँच उच्च तहसम्म हुने भएकाले समयमा काम नसक्ने उल्टै समय थप्दै जाने प्रवृत्ति बढेर गएको छ। पछिल्लो दृष्टान्त मेलम्चीको खानेपानी आयोजनाबाटै स्पष्ट बुझिन्छ। कमिसनमा कुरा नमिल्दा कम्पनी नै छाडेर गएको व्यापक चर्चा सर्वत्र छँदैछ। हाम्रा जिम्मेवार नेता नहुँदा सर्वत्र भ्रष्टाचारले जरा गाडेको छ।

**सुशासन कायम गर्नका लागि पनि भ्रष्टाचारको अन्त्य अनिवार्य सर्त हुन आउँछ। हरेक सरकारले भ्रष्टाचारको अन्त्य गर्ने प्रतिबद्धता जनाउँछन्, तर व्यवहारमा भने त्यसको कार्यान्वयन हुनुको साटो झनै भ्रष्टाचार मौलाउँदै गएको छ।**



एउटा सामान्य काम पनि सोर्सफोर्स या घुस नभइनहुने भनेको कुशासन र भ्रष्टाचारको पराकाष्ठा नै होइन र ? हुनुपर्ने काम नहुने नहुनुपर्ने काम भने फटाफट हुन्छ यहाँ। आफ्नो जग्गा पास गर्नचाहिँ कठिन हुन्छ तर सरकारी जग्गा व्यक्तिको नाममा पास गर्न भने सहजै सकिन्छ। शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत्, सडकलगायत सर्वत्र बेथिति र भ्रष्टाचारले व्याप्त भएपछि जनताले कसरी राहत र विकासको अनुभूति गर्न सक्छन् र ? सेवाग्राहीले बिनाझन्झट आफ्नो कार्य सम्पादन गर्न सक्ने वातावरणको निर्माण कहिले होला खै ? सुशासन, पारदर्शिता र सामाजिक न्यायको चर्को भाषण सुनेको त दशकै भयो, तर नागरिकले आफ्नो सामान्य कार्य सम्पन्न गर्न पनि लामो समय धाउनुपर्ने, अनेकौं बहानामा घूस दिनुपर्ने जस्ता गैरजिम्मेवारीपूर्ण कार्यले वाक्कदिक्क बनाइएका छन्।

विकास-निर्माणका झन्डै आधा रकम कमिसन र भ्रष्टाचारमा जाने प्रवृत्तिले गर्दा न त काम टिकाउ हुन्छ, न त समयमा नै कार्य सम्पन्न हुन्छ। देशमा ठूलो धनजनको खर्च गरेर व्यवस्था बदलियो, तर प्रवृत्तिमा परिवर्तन आएन। पात्रहरू पुरानै भएपछि व्यवस्थाले मात्रै के नै हुने रहेछ र ? हाम्रा मुख्य र शीर्ष नेताहरूमा देश, जनता र व्यवस्थाप्रति चिन्ता हुँदो हो त यस्तो समस्या पक्कै पनि आउने थिएन। राष्ट्रसेवक भनिएका कर्मचारीमा पनि आफ्नो पदीय आचरण र नागरिकप्रति दायित्वको बोध हुन्थ्यो भने यसरी भ्रष्टाचार मौलाउने थिएन। आफ्नो आत्मादेखि नै परिवर्तन भएर निस्वार्थ रूपले म आफ्नो जिम्मेवारी पूरा गर्छु भन्ने कसम खाने हो भने पनि भ्रष्टाचार ज्यादै कम मात्र हुने थियो। आज गणतन्त्र लुटतन्त्रमा परिणत भएर गएको छ। जनतामा जुन आशा र भरोसा थियो त्यसमा कुठाराघात भइरहेको छ। नेपाली नागरिक सहनशील भएर पटक-पटक अब त केही होला भनेर प्रतीक्षा गर्दै रहेका छन्। आमनागरिकको धैर्यको बाँध फुट्यो भने त्यसले उच्च मानिनेहरूलाई नराम्ररी भेलमा पार्ने पनि निश्चित नै छ। त्यसैले समयमा नै राष्ट्र, जनता र लोकतन्त्रप्रति गम्भीर भई सुशासन कायम गर्ने दिशामा कार्य गर्नुपर्ने देखिन्छ।

### लेबनान विष्फोट

# चरम खाद्य संकटमा बेरुत

## मृत्यु हुनेको संख्या १३५ पुग्यो, बन्दरगाहका अधिकारी 'हाउस अरेस्ट'मा



**काठमाडौं/एजेन्सी-** लेबनानको राजधानी बेरुतमा मंगलबार शक्तिशाली विष्फोट भयो। उक्त विष्फोटपछि आक्रोशित बेरुतबासीले सरकारको लापरबाहीका कारण विष्फोट भएको बताएका छन्। लेबनानका राष्ट्रपति माइकल अउनले विष्फोटको कारण दुई हजार ७५० टन 'अमोनियम नाइट्रेट' भएको बताएका छन्। अधिकांशले अधिकारीको भ्रष्टाचार, लापरबाही र गैरव्यवस्थापनका कारण विष्फोट भएको बताएका छन्।

विष्फोटमा १३५ जनाको मृत्यु भइसकेको छ भने ४ हजारभन्दा बढी घाइते छन्। अझै दर्जनौं बेपत्ता भएका छन्। सहर खण्डहर भएको छ। उद्धारकर्मीले भत्किएका भवनमा थिचिएका मानिसहरुलाई निकाल्ने कोसिस गरिरहेका छन्।

विष्फोटमा लेबनानको मुख्य अन्न भण्डार पनि बर्बाद भएको छ। यो बिध्वंशपछि लेबनानसँग एक महिनाभन्दा पनि कमका लागि सुरक्षित अन्नपात बचेको छ। बुधबार लेबनानका अर्थमन्त्री राउल नेह्मेले समाचार एजेन्सी रोयटर्ससँगको कुराकानीमा लेबनानसँग एक महिनाभन्दा पनि कमको सुरक्षित अन्नपात बचेको तर आटा पर्याप्त भएकोले संकटबाट बच्न सकिने बताएका छन्।

अर्थमन्त्रीले कम्तीमा तीन महिनाका लागि सुरक्षित अन्नपात हुनुपर्ने बताएका छन्। विष्फोट अघिदेखि नै लेबनान आर्थिक संकटसँग जुधिरहेको छ र अन्नपात आयात गर्नका लागि यो देशसँग पैसा पनि छैन। अर्थमन्त्रीले विष्फोटमा ध्वस्त भएको अन्न भण्डारमा कम्तीमा १५ हजार टन अन्न बर्बाद भएको छ, यद्यपि यसको क्षमता एक लाख २० हजार टनको हो।

लेबनानले धेरैजसो खाद्य सामग्री आयात गर्छ र अन्नको एउटा ठूलो हिस्सा पोर्टमा भण्डार गरेर राखिन्छ। तर विष्फोटका कारण भण्डार गरिएको अन्न पूर्ण रुपमा काम नलाग्ने भएको छ। लेबनानको खाद्य संकटको चरम अभावको स्थितीमा रहेको छ।

भन्सार प्रमुख बद्रि दाहेरले आफ्नो निकायले उक्त रसायन हटाउन भनेको तर 'त्यस्तो नभएको' बताएका छन्। 'विष्फोटनको कारण पत्ता लगाउने कार्य हामी विज्ञहरूमा छोड्छौं,' उनले भने।

विष्फोट हुनसक्ने गुण भएको रसायन अमोनियम नाइट्रेट कृषि क्षेत्रमा मलका रूपमा समेत प्रयोग गरिन्छ। बुधबार मन्त्रिपरिषद्को आपतकालीन बैठकमा राष्ट्रपति अउनले बेरुतमा अघिल्लो रातको 'आतंक' शब्दमा बयान गर्न नसकिने बताएका छन्।

यूकेस्थित शेफिल्ड विश्वविद्यालयका विशेषज्ञहरूले बेइरुत विष्फोटनको शक्ति दोस्रो विश्व युद्धका बेला जापानको हिरोसिमा मा खसालिएको अणु बम बमको शक्तिसँग तुलना गर्दा त्यो १० भागको एक भाग रहेको अनुमान गरेका छन्। उनीहरूले पछिल्लो घटना 'निःसन्देह आधुनिक इतिहासको सबैभन्दा ठूलो गैरआणविक विष्फोटन मध्येको एक' बताएका छन्। अधिकारीहरूका अनुसार बेरुतको एउटा गोदाममा ६ वर्षदेखि उक्त विष्फोटक पदार्थ राखिएको थियो। विष्फोटनको आवाज करिब २४० किलोमिटर पर रहेको साइप्रससम्म सुनिएको थियो।

यसैबीच बेरुतको बन्दरगाहका केही अधिकारीहरु अहिले घरमै बन्धक अवस्थामा रहेको लेबनान सरकारले जनाएको छ। मंगलबार राति भएको शक्तिशाली विष्फोटको छानविनका लागि उनीहरुलाई 'हाउस अरेस्ट' गरिएको सरकारी अधिकारीलाई उद्धृत गर्दै अन्तर ोष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्। घटनापछि सरकारले दुई हप्ताका लागि आपतकालीन अवस्था घोषणा गरेको छ।

राष्ट्रपति मिशेल एउनले २७ सय ५० टन एमोनियम नाइट्रेडका असुरक्षित रुपमा भण्डारण गरिएकाले विष्फोट भएको बताएका छन्। भन्सार प्रमुख बाड्री डाहेरले रसायन त्यहाँबाट हटाउन आग्रह गरिएको भने पनि अटेरी गरिएकाले यस्तो भएको बताएका छन्।एमोनियम नाइट्रेड खेतीमा मल तथा विष्फोटक पदार्थका रुपमा पनि प्रयोग हुन्छ।

बुधबार आंशिक रुपमा बसेको मन्त्रीपरिषद बैठकको सुरुमा राष्ट्रपति एउनले भने, 'बेरुतमा गए राति भएको काहालिलाग्दो घटनाबारे बोल्न सक्ने अवस्था छैन। लेबनानको सर्वोच्च सुरक्षा परिषदले घटनामा दोषी देखिनेमाथि कडा भन्दा कडा कारवाही गरिने बताएको छ।

# भारतमा कोभिड अस्पतालमा आगलागी, ८ जनाको मृत्यु




**काठमाडौं/एजेन्सी-** भारतमा कोरोना भाइरस (कोभिड-१९) विशेष अस्पतालमा आगलागी हुँदा ८ जनाको मृत्यु भएको छ। भारतको पश्चिमी सहर अहमदावादमा रहेको कोभिड अस्पतालमा बिहीबार आगलगी हुँदा सीसीयूमा रहेका आठ जनाको मृत्यु भएको हो। फायर डिपार्टमेन्टका वरिष्ठ अधिकारी राजेश भाटले सर्ट सर्किटका कारण एक कर्मचारीको पीपीई किटमा आगो टिप्दा सिंगो अस्पतालमा नै आगो फैलिएको हो।

'ती स्टाफ आत्तिएर क्रिटिकल केयर युनिटबाट भाग्न खोज्दा आगो फैलिएको हो,' उनले भने। प्रहरीले अस्पतालका एक निर्देशकलाई नियन्त्रणमा लिएको छ भने अनुसन्धान सुरु भएको छ। उक्त घटना स्थानीय समय अनुसार बिहान ३ बजे भएको हो। भाटका अनुसार करिब एक घण्टामै आगो नियन्त्रणमा लिइएको थियो र अस्पतालका ४० जना बिरामीलाई अन्य अस्पतालमा सारिएको थियो। उनले कोरोना संक्रमितको सम्पर्कमा रहेका आफू र आफ्ना सहकर्मीहरु क्वारेन्टिनमा गएको बताएका छन्।

तीनपटक गुजरातका मुख्यमन्त्री भइसकेका प्रधानमन्त्री नरेन्द्र मोदीले उक्त घटनाप्रति दुःख व्यक्त गर्दै पीडितका परिवारलाई प्रशासनिक सहयोग उपलब्ध गराइने बताएका छन्। मोदीले दुर्घटनामा ज्यान गुमाउने परिवारलाई प्रधानमन्त्री राष्ट्रिय राहत कोषबाट २-२ लाख भारु दिने घोषणा गरेका हुन्। यसबाहेक दुर्घटनामा घाइते भएकाहरुलाई पचार हजार सहयोग गरिनेछ। उता मुख्यमन्त्री रुपाणीले उक्त घटनाको अनुसन्धानका लागि आदेश दिएका छन्। यो अनुसन्धानको नेतृत्व एडिशनल चीफ सेक्रेटरी संगीता सिंहले गर्नेछिन्। मुख्यमन्त्रीले तीन दिनमा रिपोर्ट पेश गर्न आदेश दिएका छन्।

# फेसबुकले हटाइदियो ट्रम्पको पोष्ट




**काठमाडौं/एजेन्सी-** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कोरोना भाइरसका सम्बन्धमा गरेको पछिल्लो एक पोस्ट फेसबुकले हटाएको छ। कोरोना भाइरसका सम्बन्धमा गलत दाबी गरिएकाले ट्रम्पले आफ्नो पेजमा पोस्ट गरेको सामग्री हटाइएको फेसबुकले बताएको छ। फेसबुकले राष्ट्रपतिको उक्त दाबीलाई 'कोभिडसम्बन्धी अहितकर झुठो सूचना' को वर्गीकरणभित्र राख्दै फेसबुकबाट हटाएको जनाएको छ।

ट्रम्पले बुधबार फक्स न्यूजलाई दिएको अन्तर्वार्ताको अंश फेसबुक पेजमा पोस्ट गरेका थिए। उनले सो अन्तर्वार्तामा बालबालिकामा कोरोना भाइरससँग लड्ने प्रतिरोधात्मक क्षमता रहेको दाबी गरेका थिए। ट्रम्पको पोस्टले कोभिडबारे हानिकारक गलत सूचना प्रदान गरेकाले सोही नियम अनुसार हटाइएको फेसबुकले उल्लेख गरेको छ।


फेसबुकका एक प्रवक्ताले अमेरिकी सञ्चारमाध्यमसँग बुधबार बेलुका भनेका छन्, 'सो भिडियोमा गलत दाबी गरिएको थियो। मानिसको निश्चित समूह कोरोना भाइरसविरुद्ध लड्ने प्रतिरोधात्मक क्षमता युक्त दाबी गरिएको थियो, जुन गतल र हानिकारक हो।'

ट्रम्पले बुधबार फक्स न्यूजको बिहानी कार्यक्रम फक्स एण्ड फ्रेण्डसमा सबै विद्यालय खोल्ने समय आएको र बालबालिकामा कोरोना भाइरसविरुद्ध लड्ने प्रतिरोधात्मक क्षमता रहेको बताएका थिए।

ट्रम्पको दाबी भने स्वास्थ्य विज्ञको भनाइ र प्रमाणित तथ्य भन्दा विपरित छ। बालबालिकामा कोरोना भाइरसको संक्रमण हुने र उनीहरुबाट अरुमा सक्ने जोखिम उस्तै रहन्छ। तर उनीहरु तुलनात्मक रुपमा संक्रमणका कारण गम्भीर बिरामी पर्ने जोखिम भने कम हुने देखिएको छ।

विश्वकै अग्रणी सामाजिक संजाल फेसबुकले राष्ट्रपति ट्रम्पले पोस्ट गरेको सामग्रीलाई आपत्तिजनक र गलत ठह्र्याउँदै फेसबुक पेजबाट हटाएको यो पहिलो पटक हो। हुनत यसअघि राष्ट्रपति ट्रम्पको चुनावी अभियानको पेजमा प्रयोग भएको नाजी प्रतीक चिह्नलाई पनि फेसबुकले हटाएको थियो। राष्ट्रपति ट्रम्पले गत साता पनि कोभिड सम्बन्धी गलत सूचना प्रवाह गर्नु भएको थियो।

# फिलिपिन्सको अर्थतन्त्र मन्दीतर्फ उन्मुख




**काठमाडौं/एजेन्सी-** दक्षिण पूर्वी एसियाली मुलुक फिलिपिन्सको अर्थतन्त्र पहिलो चौमासिक अवधिमा तिब्र गतिमा संकुचित भएको छ। फिलिपिनी तथ्याँक विभागले बिहीबार सार्वजनिक गरेको विवरणमा कोरोनाभाइरस नियन्त्रणका लागि गरिएको लकडाउनका कारण व्यवसाय ध्वस्त भएको र दशौं लाख मानिस बेरोजगार भएको उल्लेख छ।

विभागका अनुसार दोस्रो चौमासिक अवधिमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा कूल गार्हस्थ्य उत्पादन १६.५ प्रतिशतले घटेको छ। यस अवधिमा फिलिपिन्स सरकारले कडा नियमहरु सहितको लकडाउन गरेको थियो।

सरकारले यसअघि वर्षको शुरुका तीन महिनामा अर्थतन्त्र ०.७ प्रतिशतले मात्र खुम्चिने आँकलन गरेको थियो। तर सन् १९८१ यता पहिलो पटक अर्थतन्त्रमा सर्वाधिक असर परेको विभागको भनाइ छ। विगत तीन दशकमा फिलिपिन्सको अर्थतन्त्र पहिलो पटक मन्दीतर्फ उन्मूख भएको हो।

फिलिपिन्समा यसैसाता कोरोनाभाइरसबाट संक्रमितको संख्या एक लाख १५ हजार नाघेको छ। लकडाउन खुकुलो बनाएसँगै जुन महिनायता मात्र संक्रमितको संख्या पाँच गुणाले बढेको हो। सामाजिक-आर्थिक योजना सचिव कार्ल चुआले महामारी र यसबाट अर्थतन्त्रमा परेको असरले विषम परिस्थिति सिर्जना गरेको बताए।

तर राष्ट्रपति रोड्रिगो डुटेर्टेले लामो समयसम्म मुलुकलाई बन्दाबन्दीको अवस्थामा राख्न नसकिने बताएका छन्। उनले भनेका छन्, 'मुख्य समस्या भनेकै हामीसँग थप रकम अब छैन। हामी जनतालाई थप खाद्यान्न र राहत रकम बाँड्न सक्ने अवस्थामा छैनौं।'

फिलिपिन्सको विप्रेषण पनि अघिल्लो वर्षको तुलनामा पहिलो पाँच महिनामा ६.४ प्रतिशतले घटेको छ। बिदेशमा रोजगारी गुमाएका ठूलो संख्याका व्यक्तिहरु स्वदेश फर्किएका छन्। तथ्याँक विभागका अनुसार उपभोग्य खर्चमा पनि १५.५ प्रतिशतले कमी आएको छ।

# मेलबर्नमा लकडाउनमा थप कडाइ




**काठमाडौं/एजेन्सी-** अस्ट्रेलियाको मेलबर्नमा बिहीबारदेखि पूर्णरुपमा लकडाउन सुरु भएको छ। कोरोना भाइरस (कोभिड-१९) को संक्रमण बढ्दो क्रममा देखिएसँगै भिक्टोरिया राज्यले मेलबर्न सहरमा लकडाउनमा थप कडाइ गर्ने निर्णय गरेको हो। बिहीबारदेखि सुरु भएको लकडाउन ६ सातासम्म रहनेछ।

बिहीबारदेखि मेलबर्नका अधिकांश पसल र व्यवसायहरु बन्द रहनेछन्। कोरोना भाइरस महामारीको दोस्रो लहर फैलिन नदिन लकडाउनमा कडाइ गरिएको भिक्टोरियाको सरकारले बताएको छ।

बिहीबार सार्वजनिक गरिएको तथ्यांक अनुसार पछिल्लो २४ घण्टामा भिक्टोरिया राज्यको राजधानीमा ४७१ नयाँ संक्रमित फेला परेका छन्। साथै सो अवधिमा आठ जनाको मृत्यु भएको छ। अहिलेसम्म अस्ट्रेलियामा कोरोना भाइरसका २० हजारभन्दा धेरै संक्रमित फेला परिसकेका छन् भने २५५ जनाको मृत्यु भइसकेको छ। भिक्टोरियामा मात्र कोरोना भाइरसका १३ हजारभन्दा धेरै संक्रमित फेला परिसकेका छन्।

यसअघि पनि केही खुकुलो लकडाउनको सामना गरेका मेलबर्नका बासिन्दाहरुलाई भिक्टोरियाका प्रिमियर डेनिअल एन्ड्र्युजले शान्त रहन र खाद्यान्न अभावको डरमा महिनौंलाई पुग्ने खाद्यान्न नकिन्न सुझाव दिएका छन्।

# जापानको ऐची प्रान्तमा आपतकाल घोषणा



**काठमाडौं/एजेन्सी-** जापानको ऐची प्रान्तमा आपतकाल घोषणा गरिएको छ। ऐचीका गभर्नर हिडेअकी ओहमुराले प्रान्तमा आपतकालको घोषणा गर्दै मानिसहरुलाई रातको समयमा घरमा नै बस्न र व्यवसायहरुलाई पनि एकसाथ वा छिटै नै बन्द गर्न आग्रह गरेका छन्। कोरोना भाइरस (कोभिड-१९) को नियन्त्रणको लागि ऐचीले यस्तो निर्णय गरेको हो।

अहिले गरिएको घोषणाअनुसारको आपतकाल अगस्ट २४ सम्म जारी रहनेछ। गभर्नर ओहमुराले कोरोना भाइरसका नयाँ संक्रमित जुलाई मध्यदेखि निरन्तर दैनिक एक सय वा सोभन्दा धेरै संख्यामा बढिरहेको उल्लेख गरे। चीनको वुहानबाट सुरु भएको कोरोना भाइरसको नियन्त्रणमा जापान सुरुवातमा एक सफल मुलुकको रुपमा देखिएको थियो।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०६९/११/१४ मा दर्ता भएको **प्रा.लि. नं. ११००४८** को **मदर्स होम प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७७/०४/१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**मोर्गन ग्लोबल एच.आर. कन्सल्टेन्सी प्रा. लि. को सार्वजनिक सूचना**
नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्रम इजाजत पत्र नं. २११/०५७/०५८ को यस मोर्गन ग्लोबल एच.आर. कन्सल्टेन्सी प्रा. लि.ले आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न देशहरुमा तपशील बमोजिमका संख्यामा कामदार वैदेशिक रोजगारीमा पठाएको सूचना सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | मुलुक | कामदार संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १. | मलेसिया | ५३ | ० | ५३ |
| कुल जम्मा | | ५३ | 0 | कुल जम्मा ५३ जना |

श्रम ई. पत्र नं. २११/०५७/०५८
Morgen Global HR Consultancy Pvt. Ltd.
Maharajung, Kathmandu, Nepal
Tel.: 4416085, 4419885
Email: admin@morgenglobalhr.com

**गोर्खाज एशोसिएट्स प्रा.लि.को सार्वजनिक सूचना**
नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्रम इजाजत पत्र नं.: ९६९/०६७/०६८ को यस गोर्खाज एशोसिएट्स प्रा.लि.ले आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न देशहरुमा तपशील बमोजिमका संख्यामा कामदार वैदेशिक रोजगारीमा पठाएको सूचना सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | मुलुक | कामदार संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १. | मलेसिया | १२३ | ५ | १२३ |
| कुल जम्मा | | १२३ | ५ | कुल जम्मा १२३ जना |

Gov. Lic. No. 969/067/068
Gorkhas Associate (P.) Ltd.
P.O. Box: 21051, Maharajgunj, Kathmandu
Tel: 4378895, 4377756, 4379078

**याक्का ओभरसिज इम्प्लोइमेण्ट कन्सल्ट प्रा. लि.को सार्वजनिक सूचना**
नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्रम इजाजत पत्र नं.: १७८/०५७/०५८ को यस याक्का ओभरसिज इम्प्लोइमेण्ट कन्सल्ट प्रा.लि.ले आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न देशहरुमा तपशील बमोजिमका संख्यामा कामदार वैदेशिक रोजगारीमा पठाएको सूचना सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | मुलुक | कामदार संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १. | मलेसिया | ९७ | ० | ९७ |
| २. | साउदी अरब | १२ | ० | १२ |
| कुल जम्मा | | १०९ | 0 | कुल जम्मा १०९ जना |

Yacca
श्रम इजाजत नं. १७८/०५७/०५८
याक्का ओभरसिज इम्प्लोइमेण्ट कन्सल्ट प्रा. लि.
महाराजगञ्ज, धारामार्ग, काठमाडौं, नेपाल
फोन: ४४३२६६६, ४४३२१११

# बक्स अफिस समाचार

## केकीले छाडेपछि 'बिच्छेद'मा लक्ष्मी


तस्बिर : मेरोफिल्म डटकम

फिल्म 'बिच्छेद' कोरोना भाइरस (कोभिड-१९) को चपेटामा परेकामध्येको एक फिल्म हो । गत वर्षको चैत ५ गतेबाट सुरु भएको फिल्मको छायांकन लकडाउन भएपछि रोकियो । अब तिहारपछि बाँकी छायांकन सुरु गर्ने तयारीमा निर्माण टिम छ । 'अनुराग' फेम्ड निर्देशक सत्यराज चौलागाईंले क्याप्टेनसिप सम्हालेको फिल्ममा अभिनेता मुकुन भुषाल र अभिनेत्री लक्ष्मी वर्देवाको जोडी बाँधिएको छ । यो फिल्मका लागि पहिला अभिनेत्रीको रुपमा निर्माण टिमले केकी अधिकारीसँग सम्झौता गरेको थियो । नायिका केकी अधिकारीले पहिले साइन गरेको चलचित्र ' विच्छेद' थियो । तर, लगतै चलचित्र 'परदेशी २ 'को पनि अफर उनलाई आयो । उनले यो चलचित्र पनि साइन गरिन् ।

तर, छायांकन समय भने एउटै भैदियो । केकी 'परदेशी २ वा विच्छेद'मध्ये एउटा रोज्नुपर्ने अवस्थामा पुगिन् । यसपछि, उनले आफूले पहिले साइन गरेको चलचित्रलाई भन्दा 'परदेशी २' खेल्नु उत्तम ठानिन् । उनी बाहिरिएपछि निर्माण टिमले लक्ष्मीलाई लिड अभिनेत्रीमा अनुबन्ध गरेको थियो । मुकुन र लक्ष्मीले यसअघि फिल्म 'बुलबुल' मा काम गरेका थिए । दुवै अभिनयमा उम्दा मानिन्छन् ।

फिल्म 'सुन्दर मेरो नाम' मा पासिङ सिन गरेर अभिनय तर्फ तानिएकी लक्ष्मी बर्देवाले एक दशक भन्दा बढी समय थिएटरमा बिताएकी छन् । उनले घामपानी, जालो, बुलबुल लगायत फिल्ममा समेत अभिनय गरेकी छन् । बुलबुल यस वर्ष समिक्षकको आँखामा पर्न सफल फिल्म हो ।अभिनयमा अब्बल उनले रत्न राज्य क्याम्पसबाट पत्रकारिता र राजनीतिशास्त्रमा स्नातक गरेकी हुन् ।

राज पण्डित र सुबास राई निर्माता रहेको फिल्ममा सुष्मा निरौला, प्रिया रिजाल, लय संग्रौला, हिउवाला गौतम, सरिता राजउपाध्याय, जीवन थापालगायतका कलाकारहरुको अभिनय रहनेछ । संकल्प भुजेल छायाँकार रहेको फिल्म गाउँले परिवेशमा आधारित भएर निर्माण हुने निर्देशक चौलागाईंले जानकारी दिए । फिल्मलाई अर्को वर्ष प्रदर्शन गर्ने निर्माण टिमको तयारी छ ।

फिल्मको रामेछापको एक गाउँमा सम्पूर्ण छायांकन हुनेछ । अधुरैमा फिल्मको छायांकन रोकिँदा निर्मातालाई ठूलो आर्थिक क्षति भएको निर्देशक चौलागाईं बताउँछन् । 'बिच्छेद' प्रदर्शन भएपछि यही टिमले 'अन्तरे' नामक फिल्म पनि निर्माण गर्दैछ ।

## सेल्फी किङसहित ४ फिल्म अब 'दामी' एपमा




**काठमाडौं / मस-** कोरोनाको कहरका कारण अचेल सबै फिल्म हल बन्द छन् । युट्युबलगायत प्लेटफर्मबाट दर्शकले फिल्म त हेर्न पाएका छन् । तर, यस्ता प्लेटफर्ममा छिटो छिटो नयाँ फिल्म उपलब्ध नहुने भएकोले पुरानै फिल्म हेर्नुपर्ने बाध्यता छ । दर्शकको छानेर नयाँ फिल्म हेर्न चाहनालाई मध्यनजर गर्दै 'दामी' एपले अबदेखि विभिन्न फिल्म एप मार्फत उपलब्ध गराउने भएको छ । जसको सुरुवात एकसाथ ४ फिल्मबाट गर्दैछ ।

फिल्म हुन् 'घामड शेरे', 'सेल्फी किङ', 'हजार जुनीसम्म' र 'शुभ लभ' । लकडाउन अगाडि मात्र प्रदर्शनमा आएका यी फिल्म 'दामी'ले शुक्रबारबाट एपमार्फत हेर्न मिल्ने गरेर उपलब्ध गराउन लागेको हो । यस अगाडि म्युजिकहरु उपलब्ध गराउदै आएको यो एपले अवदेखि फिल्म पनि उपलब्ध गराउन लागेको हो । रोशन श्रेष्ठ र सुदीप पोखरेललगायतको टिमले मिलेर बनाएको यो एपबाट अवदेखि दर्शकले नयाँ नयाँ फिल्म हेर्न पाउनेछन् ।

'दामी'बाट अवदेखि युट्युवमा नआएका फिल्महरु हेर्न सकिने सञ्चालक मध्यका एक सुदीप पोखरेलले बताए । 'दामी एप एन्ड्रोइड र आइओएस दुबैमा उपलब्ध छ' पाखरेलले भने 'हलमा हेरे जस्तै आफुले चाहेको फिल्म छानेर हेर्न सकिन्छ ।' फिल्म हेर्नका लागि इसेवा, एनसेल लगायत जुनै पनि डिजिटल पेमार्फत पैसा तिर्न सकिने पोखरेलको भनाइ रहेको छ ।

'सुरुवातको चरणमा ४ फिल्म ल्याएका छौं । बिस्तार बिस्तार सबै नयाँ फिल्म एपमा पाउन सकिनेछ ' पोखरेलले थपे ।

'सेल्फी किङ' अभिनेता विपिन कार्की र लक्ष्मी बर्देवाको मुख्य भूमिका रहेको छ, भने 'घामड शेरे' निश्चल बस्नेत, स्वस्तिमा खड्कालगायतका कलाकारको अभिनय रहेको छ । त्यस्तै 'हजार जुनीमा' र 'शुभ लभ' नयाँ पुराना कलाकारले भरिएको छ ।

## अनु नायिकाबाट गायिका



**काठमाडौं / मस-** चलचित्रमा असफल भएकी नायिका अनु शाहले एउटा गीतमा आवाज भरेकी छिन् । अनुले शान्तिप्रियको शब्द तथा सन्तोष श्रेष्ठको संगीतमा तयार भएको एक गीतमा आवाज भरेकी हुन् । गायिका अनुले आफूलाई सानैदेखि गीत गाउने रहर भएपनि अहिले आएर पुरा भएको बताइन् । अनुले दर्शकले आफ्नो स्वर मन पराउने अपेक्षा समेत व्यक्त गरेकी छिन् ।

नायिका शाह पछिल्लो समय केही म्यूजिक भिडियोमा अभिनय गरिरहेकी छिन् । उनले हालै मात्र एक तीजको म्यूजिक भिडियोमा पनि अभिनय गरेकी छिन् । अनु केही बर्षदेखि नायक सविन श्रेष्ठसँगको प्रेम सम्बन्धमा छिन् ।

पछिल्लो समय नायिकाहरु गायिका बन्ने क्रम जारी छ । प्रियंका कार्की, पूजा शर्मा, छुल्ठिम गुरुङ, परमिता आर एल राणा, रेखा थापा, निरुता सिंह लगायत गायिका बनिसकेका छन् । तर, गायिकाहरुले गायन कलामा आफूलाई स्थापित गर्न भने सकेका छैनन् ।

## नेपोटिजमबारे करिनालाई कंगनाको प्रश्न

**काठमाडौं / एजेन्सी-** सुशान्त सिंह राजपूतको मृत्युपछि नै बलिउडमा नेपोटिजमको मुद्दा एकपटक पुनः तातेको छ र सबैले यसबारे आ-आफ्नो धारणा व्यक्त गरिरहेका छन् । स्मरण रहोस्, नायिका कंगना रनौत बलिउडमा नातावादको विषयमा कडा रुपमा प्रस्तुत हुने गर्छिन् । सुशान्तको मृत्युपछि उनको निशानामा ठूल्ठूला व्यक्ति छन् । यसैबीच करिना कपुर खानले आफ्नो अनुभव र फिल्मी यात्राबारे कुरा गरेकी छिन् जसमा उनले फिल्मी घरानासँग सम्बन्धित हुँदा समस्या निकै हदसम्म कम हुने बताएकी छिन् ।

बलिउड लाइफमा प्रकाशित एक खबरका अनुसार एक अन्तर्वार्तामा करिना कपुर खानले भनिन्, '२१ वर्षसम्म फिल्म इन्डष्ट्रिमा नेपोटिजमका कारण मात्रै म टिक्न सक्दिनँ । यो सम्भव नै छैन । म ती सुपरस्टार्सका सन्तानको एउटा लामो सूची बनाउन सक्छु जसले यस्तो गर्न सकेका छैनन् ।'

कपुर खानदानबाट आएका कारण उनले प्राथमिकता पाएको तर यति हुँदाहुँदै पनि आफूलाई प्रमाणित गर्नका लागि उनले कडा मिहिनेत पनि गरेको बताएकी छिन् । करिनाले भनिन्, 'मैले जे जति पाएँ त्यो कपूर परिवारको ट्याग भएका कारण मात्रै हो जस्तो लाग्दैन । यो अचम्म लाग्न सक्ला तर सायद मेरो संघर्ष पनि त्यहि हो । मेरो संघर्ष तपाईंलाई खासै रोचक नलाग्ला जति ती व्यक्तिको जसले खल्तीमा १० रुपैयाँ लिएर मुम्बई आएका छन् । हो, मैले त्यो संघर्ष गर्नुपरेन तर यसका लागि दुःखी हुन सक्दिनँ ।'

करिना कपूरको यो बयानमा कंगनाको समूहले ट्वीट गरेर विभिन्न प्रश्न सोधेका छन् । ट्वीटमा लेखिएको छ, 'करिना जी, तपाईंहरु सबैलाई दर्शकले धनी र चर्चित बनाए तर उनीहरुलाई थाहा थिएन कि आशा गरेभन्दा बढी सफलताले बलिउडलाई बुलीवुडमा परिवर्तन गर्नेछ । कृपया यी प्रश्नको जवाफ दिनुहोस् ।'

१. *तपाईंकी अति मिल्ने साथीले कंगनालाई इन्डष्ट्रि छोड्न किन भनेकी थिइन् ?*
२. *ठूलो प्रोडक्सन हाउसले सुशान्तलाई किन प्रतिबन्ध गरेको थियो ?*
३. *उनीहरुले कंगनालाई बोक्सी र सुशान्तलाई बलात्कारी किन भने ?*
४. *तपाईंको इको सिस्टममा कंगना र सुशान्तलाई बाइपोलार किन भनिन्छ ?*
५. *तपाईं जस्तै एक नेपो किडले विवाहको वचन दिएर कंगनाविरुद्ध किन मुद्दा हाले ?*
६. *कंगना र सुशान्तलाई इन्डष्ट्रिमा किन एक्ला-एक्लै पारियो ? उनीहरुलाई पार्टीमा किन बोलाइँदैन ? किन कसैले उनीहरुलाई फिल्म रिलिज, जन्मदिन र सफलतामा बधाई दिँदैनन् ?*

यसबारे ट्वीटमा सबै स्टार किड्सलाई चेतावनी जारी गर्दै भनिएको छ, 'सबै मूर्ख नेपो किड्सका लागि चेतावनी । हामीलाई तपाईंको सुख-सुविधासँग कुनै समस्या छैन, हाम्रो समस्या भनेको तपाईंहरुले हामीमाथि गर्ने व्यवहार हो । बुलिङ र समूहवादले सुशान्तको हत्या गरेको हो । उनले फिल्म इन्डष्ट्रिमा सास फेर्न गाह्रो हुने बताएका थिए । उनी छोड्न चाहन्थे । तपाईंहरुले उनलाई दुष्कर्मी भनेर आरोप लगाएकोले पनि उनलाई असाध्यै चित्त दुखेको थियो । उसलाई कामको हक कहिले पनि दिएनौ । आउनुहोस्, यसबारे कुरा गरौं । फिल्म र लुगा अहिले कुराकानीको विषय होइन । वास्तविक मुद्दामा कुरा गर्नुहोस् ।'

नेपोटिजमको यो मुद्दामा कंगना रनौत लगातार बोल्दै आएकी छिन् । कंगनाले थुप्रै बलिउड सेलिब्रिटी जस्तै करण जोहर, आलिया भट्ट, स्वरा भास्करलाई घेरेकी छिन् । सुशान्त सिंह राजपूतको मृत्युपछि यो मुद्दा अत्यधिक चर्चाको विषय बनेको थियो । यसै कारण थुप्रै सेलिब्रिटीको फलोअर्समा भारी गिरावट पनि आयो । कतिले त आफ्नो अकाउन्ट प्राइभेटसम्म गरेका छन् ।




## सलमानप्रति जरीन खानको दुखेसो



**काठमाडौं / एजेन्सी-** अभिनेत्री जरीन खानले बलिउडमा डेब्यू गरेको एक दशक पूरा भएको छ । अभिनेता सलमान खानसँग फिल्म ' वीर' बाट आफ्नो फिल्म करिअर सुरु गरेकी उनले 'हाउसफुल २', 'हेट स्टोरी ३', 'विरप्पन' जस्ता फिल्ममा काम गरिसकेकी छन् । तर, उनको फिल्म करिअर सुखद छैन । बोल्ड अभिनेत्रीको छवि बनाएकी उनलाई कटरीना कैफको डुब्लिकेट भनेर समेत चिन्ने गरिन्छ ।

उनले आफ्ना प्रशंसकको प्रेम र साथले बलिउडमा १० वर्ष पूरा गरेको बताएकी छन् । 'म फिल्म परिवारबाट आएको होइन । न त मेरो इन्डस्ट्रीमा कोही गडफादर नै छ । जब मैले बलिउडमा कदम राखेँ त्यसबेला सलमान खानले मेरो निकै मद्दत गर्नुभयो । तर, मानिसहरु सलमान खानका कारण मैले काम पाइरहेको भन्ने गर्दछन् । तर, यो सत्य होइन,' उनले आजतकसँग भनेकी छन् ।

सलमान खानले आफूलाई काम दिने नगरेको स्पष्ट पार्दै जरीनले अगाडि थपेकी छन्, 'सलमान खानले मलाई कुनै पनि कामका लागि सिफारिस गर्नुहुन्न । तर, उहाँ मेरो दिलको निकै नजिक हुनुहुन्छ र सधैं रहनुहुनेछ । म उहाँको निकै इज्जत गर्छु । किनकि, म आज यो इन्डस्ट्रीमा उहाँकै कारणले छु । बलिउड इन्डस्ट्रीको हिस्सा भएपछि मैले आफ्नो बाटो आफैंले तय गरेको हुँ ।'

उनी आफू रणवीर सिंहको निकै ठूलो फ्यान रहेको बताउँछिन् । रणवीरसँग फिल्ममा काम गर्ने आफ्नो सपना रहेको उनको भनाई छ । उनले सैफ अली खान र आमिर खानसँग पनि काम गर्ने इच्छा रहेको बताएकी छन् । उनी आफू सिम्पल र शान्त जिन्दगी जिउन मन पराउने बताउँछन् । फिल्म 'हेट स्टोरी ३' मा दिएको इन्टिमेट सिनका कारण जरीनको निकै आलोचना भएको थियो ।

**दुर्गाथली गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चौधारी, बझाङ्ग**
**सुदुरपश्चिम प्रदेश नेपाल**

**प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति :- २०७७/०४/२३)**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.स. २०७७।७८, च.न. PMEP/२३ को मिति २०७७।०४।१२ को पत्रानुसार यस गाउँपालिकामा सन्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिन हुन अनुरोध छ ।

| क. सं. | विज्ञापन नं. | पद | तह | माग पद संख्या |
|---|---|---|---|---|
| १ | १/२०७७-७८ | प्राविधिक सहायक | स्थानिय सेवाको पाचौं तह सरह | १ (एक) |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव :**
क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीण भएको
ख) अनुभव र सीप : प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ :
- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सिप भएको ।
- पूर्वाधार निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्वन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।
- कम्तिमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।

२. **दरखास्त दिने स्थान:** दुर्गाथली गाउँपालिका, चौधारी, बझाङ्ग
३. **दरखास्त दिने अन्तिम मिति :** २०७७/०५/०६(अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट)
४. **आवेदन दस्तुर :** रु.४००/-
५. **छनौटको किसिम :** प्रारम्भिक योग्यताक्रमको सूचीप्रकाशन र लिखित परीक्षा ।
६. **आवेदन साथ संलग्न कागजातहरु :** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
- नेपाली नागरिकताको प्रतिलिपी
- न्युनतम शैक्षिक योग्यताको लब्धांक प्रमाणपत्रहरुको प्रतिलिपी
- चारित्रिक प्रमाणपत्र प्रतिलिपी
- अनुभव खुल्ने कागजातहरुको प्रतिलिपी
- पासपोर्ट साइजको फोटोहरु ३ प्रति

७. **सेवा सुविधा :** गाउँपालिका/नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा ११, १२ र १३ बमोजिम हुनेछ ।
८. **पदले सम्पादित गर्नुपर्ने कार्यविवरण :** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा ९ बमोजिम हुनेछ ।
९. **नोट :** आवेदनको ढाचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ । साथै थप जानकारीका लागि भानुभक्त दौल्याल ९८६८७३७२९७ (रोजगार संयोजक) लाई सम्पर्क गर्नुहोला ।

**प्रमुख प्रशासकीय अधिकृत**

# फुटबल खेलाडीको कोरोना परीक्षण २८ गतेभित्र

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ साउन -

नेपाली राष्ट्रिय फुटबल टिमका खेलाडीको कोरोना परीक्षण २८ गतेभित्र सक्ने तयारी अखिल नेपाल फुटबल संघ एन्फाले गरेको छ । यसअघि शुक्रबार खेलाडीको कोरोना परीक्षण गर्ने बताइए पनि खेलाडीलाई राख्ने स्थान होस्टेलको तयारीमा केहि समय लाग्ने भएकाले खेलाडीको परिक्षण एक दुई दिन तलमाथि हुने राष्ट्रिय टिमका ब्यवस्थापन मधुसुधन उपाध्यायले जानकारी दिए । उनले भने 'तयारी तीब्ररुपले गरिए पनि समय केही लाग्ने भयो ।'



उनले पहिलो चरणमा एन्फाका कर्मचारीको परीक्षण हुने, त्यसपछि दुई चरणमा खेलाडीको परीक्षण गर्ने बताए । एक दिन काठमाडौंमा भएका खेलाडीको र अन्तिममा काठमाडौं बाहिरबाट आएका खेलाडीको गर्ने तयारी भएको बताए । तर एकिन डेट भने भन्न नसक्ने बताए । टिमको परिक्षण भने भदौ एक गतेबाट नै सुरू हुने उनको भनाइ छ ।

परीक्षण गर्दा सकै खेलाडीको एकै दिन पनि गर्ने योजना रहेको उनले बताए । मुख्य प्रशिक्षक योहान कालिनले कुल ३४ खेलाडीलाई बन्द प्रशिक्षणका लागि बोलाएका छन् । जसमा २२ जना खेलाडी काठमाडौंमा नै आफ्नो घरमा क्वारेन्टिनमा बसिरहेका छन भने ११ जनालाई एन्फाले होटेलमा क्वारेन्टिनमा राखेको छ ।

यसैबीच, नेपालमा कोरोना भाइरसको संक्रमण देखिदा सुरुवातमा आफ्नो मातहतमा रहेका पुर्वाधार सरकारले प्रयोग गर्न पाउने भन्दै एन्फाले सूचना सार्वजनिक गरेको थियो । जसका कारण ललितपुर उप महानगरपालिकाले सातदोबाटो स्थित एन्फाको होस्टेललाई क्वारेन्टिन बनाएको थियो । तर, अहिले राष्ट्रिय टिमका प्रशिक्षण सुरु गर्ने अवस्था आएपछि एन्फाको होस्टेल खालि गरि सकेको छ भने त्यसलाई निर्मलीकरण गर्ने काम पनि सुरु गरिएको छ ।

एन्फाले सेनिटाइजसहितको औषधी छर्किएर निर्मलीकरणको काम सकिएको एन्फाले बताएको छ । तर अझैं पनि सरसफाईको काम भइरहेको छ । आफ्नो होस्टेललाई सुरक्षित बनाएर खेलाडीलाई राख्ने योजनाका साथ एन्फाले सबै कोठाहरुलाई नयाँ जस्तै बनाइरहेको छ ।

भदौ एक गतेबाट प्रशिक्षण सुरु गर्ने योजनाका साथ एन्फाले सबै खेलाडीलाई अनिवार्य क्वारेन्टिनमा बस्न भनेको छ । काठमाडौं बाहिर रहेका खेलाडीलाई ल्याएर होटेलमा क्वारेन्टिनमा राखेको छ भने काठमाडौंमा नै भएका खेलाडीलाई घरमै क्वारेन्टिनमा बस्न भनेको छ ।

एन्फाले खेलाडीको परीक्षण गरेर नेगेटिभ आउनेलाई होस्टेलमा सार्नेछ । बुधबार मात्र एन्फाले फिफाको प्रोटोकलमा आधारित भएर नियम बनाएको छ । जसमा प्रशिक्षण गर्दा खेलाडीलाई सँगै भन्दा पनि फरक फरक समूह बनाएर प्रशिक्षण गराउने योजना छ ।

यसका साथै खेलाडीलाई एक अर्कासँग धेरै नजिक भएर प्रशिक्षण गर्न पनि नपाउने नियम बनाएको छ । विश्वकप छनोटअन्तर्गत नेपालले ३ वटा होम म्याच खेल्न बाँकी छ । नेपालले आगामी असोज २२ गते चाइनिज ताइपेईसँग खेल्दै छ । त्यसको ५ दिनपछि अर्थात् असोज २७ गते अष्ट्रेलियासँग खेल्ने तालिका छ । कात्तिक २७ गते जोर्डनसँगको खेलेपछि नेपालको विश्व कप छनोट खेल समाप्त हुनेछ ।

# पारस र सन्दीपमात्र एक दिवसीय बरियतामा

**काठमाडौं, मस**–कोरोना भाइरसका कारण करिव चार महिना अन्तराष्ट्रिय क्रिकेट ठप्प जस्तै बन्यो । यो बीचमा आइसीसीले नयाँ बरियतापनि सार्वजनिक गरेन । पछिल्लो पटक भने आइसीसीले लामो समयपछि बरियता निकालेको छ । कोरोनाका कारण जसरी अरु देशहरुले आफ्नो प्रतियोगिता खेल्न पाएनन्, त्यसरी नै नेपाली राष्ट्रिय टिमले पनि खेल्नुपर्ने तीन वटा सिरीज स्थगित भए । यतिमात्र होइन अहिले यो बर्षमा नै कुनै पनि प्रतियोगिता खेल्न नपाउने संभावना देखिएको छ ।



नेपालले अन्तिम पटक थाइल्याण्डमा एसीसी इर्स्टन रिजन टी २० क्रिकेट प्रतियोगिता खेलेको थियो । जसमा उसले नराम्रो नतिजा हात पारेको थियो । अन्तराष्ट्रिय प्रतियोगिता नखेल्दा त्यसको सोझै असर खेलाडीको बरियतामा पर्छ । अहिले नेपाली खेलाडीका लागि यस्तै भएको छ ।

आइसीसीले पछिल्लो पटक सार्वजनिक गरेको एकदिवसिय बरियतामा ब्याटिङ, बलिङ र अलराउण्डमा नेपालबाट एक सय भित्रमा एक जना पनि परेका छैनन् । टिमको बरियतामा भने नेपाल १६ औं स्थानमा यथावत छ । अन्तिम पटक मे महिनामा रिलिज भएको बरियतामा नेपाल १६ औं स्थानमा थियो । नेपालले अहिले १८ रेटिङ पाएको छ ।

तर खेलाडीको ब्यक्तिगत बरियताका हकमा भने यति बेला कुनै खेल नहुँदा खेलाडी एक सय भित्र पनि पर्न सकेका छैनन् । टी २० नेपाल १५ औं स्थानमा यथावत छ । तर ब्यक्तिगत खेलाडीका हिसावले नेपालका चार खेलाडी विभिन्न विधामा बरियताको १०० भित्र रहेका थिए ।

तर अहिले पारस खड्का र सन्दिप लामिछाने मात्र यो बरियतामा छन् । यसअघि अलराउण्डमा पारस, सोमपाल शिर्ष एक सय भित्र रहेका थिए । बलिङमा सोमपाल, सन्दिप र करण केसी शिर्ष एक सयमा पुगेका थिए । तर अहिले एकदिवसिय बलिङमा तीन खेलाडी १०० भित्र छैनन् । ब्याटिङमा अहिले पारसमात्र सय भित्र रहेका छन् । उनी हाल ७५ औं स्थानमा छन । बलिङमा यसअघि सोमपाल, करण केसी पनि अटेका थिए । तर अहिले सन्दिप ८४ औं स्थानमा छन् । अरु खेलाडी सूचीमा छैनन् ।

अलराउण्डमा पनि नेपालका कुनैपनी खेलाडी सूचीमा पर्न सकेका छैनन् । जति अन्तराष्ट्रिय प्रतियोगिता खेल्यो, त्यति खेलाडीको बरियता बढ्ने वा घट्ने हुन्छ, तर प्रतियोगिता नै नभएपछि त्यसको प्रत्यक्ष असर उनीहरुको ब्यक्तिगत बरियतामा देखिएको छ ।

# खेलाडीको कोरोना बीमा गरिने



**काठमाडौं, मस**–नेपाली काँग्रेस खेलकुद विभागले ओलम्पिक खेल्ने तयारीमा रहेका नेपाली खेलाडीको कोरोना वीमा गर्ने भएको छ । नेपालबाट अहिलेसम्म १२ जना खेलाडीले टोकियो ओलम्पिकका लागि तयारी गरेका छन् । कोरोना भाइरसको महामारीका कारण प्रतियोगिता एक वर्ष पर सरेकाले त्यसै अनुसार नेपाली खेलाडीले तयारी पनि गर्दै आएका छन् ।

कोरोनाको जोखिम कम गर्न भन्दै मोहन बस्नेतको नेतृत्वमा गठन भएको काँग्रेसको खेलकुद विभागले ओलम्पिक खेलने तयारी गरिरहेका खेलाडीहरुको कोरोना वीमा गर्ने निर्णय गरेको थियो । विभाग गठन भएलगत्तै १३ औं सागका स्वर्ण पदक विजेता खेलाडीहरुलाई जनही १० हजार प्रदान गरिएकोमा त्यति बेला ओलम्पिक खेल्ने खेलाडीको कोरोना वीमा गर्ने जनाएको थियो ।

१२ खेलाडी र ६ जना प्रशिक्षकको कोरोना वीमाको काम अघि बढाएको काँग्रेस खेलकुद विभागका सदस्य शिब आचार्यले जानकारी दिए ।

उनले भने 'खेलाडी र प्रशिक्षकको गरि जनही १ लाखकको कोरोना वीमा गर्ने तयारी गरेका छौं । निर्जिवन वीमा कम्पनी आईएमई जनरल इन्स्योरेन्स कम्पनिसँग छलफल भइरहेको र शुक्रबार विभागको कार्यालय बानेश्वरमा कार्यक्रम गरेर यसबारे जानकारी दिने छौं ।'

सबैको एक लाखको कोरोना वीमा गरिने छ । पीसीआर परीक्षण गर्दा उनीहरुको रिपोर्ट पोजेटिभ आए कोरोना वीमाको रकम दावी गर्न पाउने छन् ।

ओलम्पिकका लागि कराँते, आर्चरी, सुटिङ, भारतोलन र पौडीबाट दुई दुई जना खेलाडीले तयारी गरिरहेका छन् । यसैगरी तेक्वान्दो र जुडोबाट एक एक जना छन् भने एथ्लेटिक्सबाट एक जनाले ओलम्पिकमा प्रतिस्पर्धा गर्न पाउने कोटा रहेको छ ।

कोरोना वीमा गरिदिने खेलाडीमा करातेबाट अनु अधिकारी र नविन रसाइली छन् । आर्चरीबाट ज्ञानु अवाले र तिलक पुनमगर, सुटिङबाट सुस्मिता नेपाल र कल्पना परियार, भारत्तोलनका कमला श्रेष्ठ र सञ्जु चौधरी रहेका छन् ।

यसैगरी पौडीबाट गौरीका सिंह र एलेक्स साह रहँदा तेक्वान्दोका विरबहादुर महरा र जुडोका इन्द्रबहादुर श्रेष्ठको पनि कोरोना वीमा गरिने छ । यसैगरी, करातेका दीपक श्रेष्ठ, भारत्तोलनका सन्जय महर्जन, सुटिङका असिम यादव, तेक्वान्दोका क्वायोन दाल (कोरियन), जुडोबाट देबु थापा र आर्चरीबाट कृष्णमाया स्याङतानको कोरोना वीमा गरिने छ ।

# निर्माणाधीन कभर्डहल अधुरै

**बागलुङ, रासस**–बागलुङ नगरपालिका-३ मा निर्माणाधीन बहुउद्देश्यीय कर्भडहलको काम गत वर्षदेखि ठप्प छ । बजेट अभावमा कर्भडहल निर्माण अधुरै छाडिएको छ । मदन भण्डारी स्पोर्टस् एकेडेमी बागलुङले दुई वर्षअघि कभर्डहलको काम थालेको थियो ।

पहिलो वर्ष खेलकूद मन्त्रालयबाट आएको २० लाख बजेटबाट भुइँ ढलान र छानो राख्ने काम भएको छ । गत आवमा बजेट नआएपछि काम अघि नबढेको एकेडेमीका उपाध्यक्ष कमल खड्काले बताए । उनका अनुसार बार, झ्यालढोका, शौचालयलगायत आन्तरिक साजसज्जाको काम बाँकी छ ।

'यो वर्ष खेलकूद मन्त्रालयबाट थप दश लाख बजेट छुट्टिएको छ, अपुग भएमा स्रोत जुटाएर भएपनि काम सक्छौं', उनले भने ।

माथिबाट आएको बजेटले नपुगेमा नगरपालिकाले पनि सक्दो सहयोग गर्ने आश्वासन दिएको छ । कर्भडहल निर्माणका लागि जग्गा पनि नगरपालिकाले नै उपलब्ध गराएको थियो । खेलकुद गतिविधिसहित अन्य प्रयोजनमासमेत उपयोग गर्ने गरी कर्भडहलको निर्माण थालिएको हो ।

'ब्याडमिन्टन, तेक्वान्दो, कँरातेजस्ता खेलका साथै आवश्यक पर्दा स्थानीयवासीले हलका रुपमा प्रयोग गर्न मिल्ने गरी बनाउँदै छौं', उपाध्यक्ष खड्काले भने । स्थानीय गैह्रापाटा टोल सुधार समितिका अध्यक्ष भक्त रसाइलीले कभर्डहल समयमै बन्न नसकेकामा गुनासो गरे ।

'एक/डेढ वर्षदेखि कभर्डहल अलपत्र जस्तै छ', उनले भने, 'शुरु भइसकेको योजना यसरी बीचमै रोकिनु राम्रो होइन, सम्बन्धित पक्षले ध्यान दिनुपर्छ ।' वडाध्यक्ष लक्ष्मी बाँस्कोटाले नगरको योजना नभएकाले सबै कुरा थाहा नभएको जानकारी दिइन् ।

# आइटिएफको २३ औं वार्षिकोत्सवमा खेलाडी र प्रशिक्षक सम्मानित




**काठमाडौं, मस**– नेपाल अन्तर्राष्ट्रिय तेक्वान्दो महासंघले आफ्नो बार्षिकोत्सवका अवसरमा उत्कृष्ट खेलाडी, प्रशिक्षक, प्रदेश र जिल्लालाई सम्मान गरेको छ ।

२३ औं बार्षिकोत्सवका अवसरमा ललितपुरस्थित महालक्ष्मीस्थानमा रहेको रिभाईभ लिजर पार्कमा भएको सम्मान कार्यक्रममा सम्मानित हुने खेलाडीहरुमा पुरुष तर्फ युनिस गौतम र महिला तर्फ रिना धिमाल, सर्वोत्कृष्ट प्रशिक्षक रुपसिंह मोक्तान, उत्कृष्ट प्रशिक्षकमा राज मन्दिर श्रेष्ठ र उदियमान प्रशिक्षकमा बिक्रम बाठा मगर रहेका छन् । यस्तै उत्कृष्ट प्रदेशमा प्रदेश नं. २ र उत्कृष्ट जिल्लामा मोरङ्ग जिल्ला रहेका छन् ।

राष्ट्रिय खेलकुद परिषदका उपाध्यक्ष शिव कोईराला "ज्वाला", सदस्य द्वय सम्पन्न श्रेष्ठ र गोविन्द भट्टराई, आईटिएफका अध्यक्ष अञ्जन धमलाले बिहिबार एक कार्यक्रमकाविच बर्ष २०१९ का उत्कृष्ट खेलाडी, प्रशिक्षक, प्रदेश र जिल्लालाई सम्मान पत्रद्वारा सम्मान गरेका हुन् ।

आइटिएफले आफ्नो बार्षिकोत्सवका अवसरमा सामाजिक सेवा, जस्तै रक्तदान कार्यक्रम, सरसफाई कार्यक्रम, बृद्धहरुलाई खाना खुवाउने कार्यक्रम र बर्षका उत्कृष्ट खेलाडी, प्रशिक्षक, प्रदेश तथा जिल्लालाई सम्मान गर्ने कार्यक्रमहरु गर्दै आईरहेको छ ।

# युनाइटेड र मिलान अन्तिम आठमा

**काठमाडौं, एजेन्सी**–म्यानचेस्टर युनाइटेड र इन्टर मिलान युरोपा लिग फुटबलको क्वाटरफाइनलमा प्रवेश गरेका छन् ।



अन्तिम १६ को दोस्रो लेगमा अस्ट्रियन क्लब एलएएसकेलाई २-१ ले हराउँदै समग्रमा ७-१ को जितसहित युनाइटेड अन्तिम ८ मा पुगेको हो ।

पहिले लेगमा युनाइटेड ५-० ले विजयी भएको थियो । बुधबार राति भएको दोस्रो लेगमा पछि परेको युनाइटेडले पुनरागमन गरी जित दर्ता गरेको हो । एलएएसकेका लागि ५५ औं मिनेटमा कप्तान फिलिप विइसिन्जरले गोल गरेर सुरुवाति अग्रता दिलाए ।

त्यसको दुई मिनेटपछि जेसी लिङ्गार्डले म्यानचेस्टर युनाइटेडका लागि गोल गरे । ८८ औं मिनेटमा एन्थोनी मार्सलले गोल गरेसँगै दोस्रो लेगमा युनाइटेड २-१ ले विजयी भयो ।

सेमिफाइनल प्रवेशका लागि युनाइटेडले एफसी कोपनहेगनसँग प्रतिस्पर्धा गर्ने छ । इस्थानबुल बासाक्सेहिरलाई समग्रमा ३-१ ले पराजित गरेर कोपनहेगनले पनि अन्तिम ८ मा स्थान बनाएको छ ।

युरोपा लिगकै अर्को खेलमा इन्टर मिलानले गेटाफेलाई २-० ले हरायो । इन्टर मिलानका लागि लुकाकुले ३३ र इरेक्सनले ८३ औं मिनेटमा गोल गरेका थिए ।


## कालिका नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### रेडक्रसग्राम, चितवन

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशन मिति :२०७७।०४।२२)

यस कालिका नगरपालिकाबाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित बोलपत्र आह्वानको सूचनाहरुको म्यादभित्र पर्न आएका बोलपत्रहरुका मूल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही तपसिल अनुसारका बोलपत्रहरु स्विकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनका लागि बोलपत्र स्विकृति गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Bid IFB No. | Name of Projects | Date of Notice Publication | Quoted Amount With VAT & PS (NRs.) | Name of Lowest Evaluated Substantially Responsive Bidder | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | 045/Works/NCB /KM/076/077 | Construction Sanugurau Ghar to Ajambere Chowk Blacktopped Road, Ward No. 2, 4 & 5 | 2077- 03-02(BS) | 1,32,81,654.84 | M/s Highway Construction Pvt. Ltd., Bharatpur 20, Chitwan | |
| 2. | 046/Works/NCB /KM/076/077 | Construction of Salghari Chowk Dekhi Janahit ChowkHudai Mini-RangaSala Samma Kalo Patrey Sadak Nirman, Ward no. 7 | 2077- 03-02(BS) | 1,40,61,700.23 | M/s D & G Construction, Bharatpur-10, Chitwan | |
| 3. | 047/Works/NCB /KM/076/077 | Construction of DhokunTharwalingGumba to Kamal Chowk via. Kamal Chowk, Ward no. 6 | 2077- 03-02(BS) | 55,77,761.36 | M/s D & G Construction, Bharatpur-10, Chitwan | |

प्रमुख प्रशासकीय अधिकृत

म.क्षे.हु.नि.द.नं. ३३/०६९/०७०



# इम्बोस्ड नम्बर प्लेट वितरण समयसीमा अनिश्चित

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ साउन




सरकारले दुई साता पहिले शुरु गरेको इम्बोस्ड नम्बर प्लेट कहिलेसम्म वितरण गर्ने भनी टुङ्गो लागिसकेको छैन । इम्बोस्ड नम्बर प्लेट लिन आउने आवेदन सङ्ख्याका आधारमा समयसीमा तोकिने यातायात व्यवस्था विभागले जनाएको छ । अहिले एक/दुई महिना कति चालकले आवेदन दिन्छन् भन्ने हेरेर योजना बनाइने विभागका महानिर्देशक गोगनबहादुर हमालले बताए । अहिले नम्बर प्लेट लिनका लागि आवेदन विभागको छपाइको क्षमताभन्दा बढी आएमा समयसीमा तोक्न नपर्ने उनको भनाइ छ । उनले भने, "यो महिनामा आवेदन नै नआएमा यो समयसम्म नम्बर प्लेट लिनुपर्ने भनी तोकिनेछ ।"

वाग्मती प्रदेशमा सबै प्रकारका सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट वितरण शुरु गरिएको छ । भौतिक पूर्वाधार तथा यातायातमन्त्री वसन्तकुमार नेम्वाङ र प्रदेश-३ का भौतिक पूर्वाधारमन्त्री रामेश्वर फुयाँलले संयुक्तरूपमा यही साउन ९ गते टेकुस्थित भेहिकल फिटनेस टेस्ट सेन्टरमा यसको वितरण शुरु गरेका थिए ।

सो नम्बर प्लेट लिनका लागि पहिले सवारीधनीले हालसम्मको राजश्व चुक्ता गर्नुपर्छ । विभागको वेबसाइटमा रहेको फाराम भरेर प्रिन्ट गर्न सकिनेछ। सो प्लेटका लागि फरक प्रकृतिका सवारी साधनका लागि फरक कार्यालयमा जाने व्यवस्था मिलाइएको छ ।

दुईपाङ्ग्रे सवारी साधनका लागि गुर्जुधारास्थित कार्यालय र तीन पाङ्ग्रे साना तथा मझौला चारपाङ्ग्रे सवारी साधनको नम्बर लिनका लागि टेकुस्थित भेहिकल फिटनेस सेन्टर जानुपर्नेछ । त्यस्तै ठूला सवारी साधनका लागि एकान्तकुनास्थित यातायात कार्यालय र सरकारी नम्बरप्लेटका लागि विभागमा जानुपर्ने बताइएको छ ।

सवारीधनीले नम्बर प्लेट लिनका लागि तोकिएको बैङ्कमा राजश्व बुझाउनुपर्ने विभागले जनाएको छ । दुईपाङ्ग्रे सवारी साधनका लागि रु दुई हजार ५००, चारपाङ्ग्रे साना तथा मझौला सवारीका लागि रु तीन हजार २०० र ठूला सवारीका लागि रु तीन हजार ६०० राजश्व जम्मा गर्नुपर्नेछ ।

सवारीको कर चुक्तासम्बन्धी अद्यावधिक कागजात, नम्बर प्लेटवापतको रकम जम्मा गरेको बैङ्क भौचर र अनलाइन फाराम भरेको प्रिन्ट गरिएको कागजात तोकिएको कार्यालयमा जम्मा गर्नुपर्ने बताइएको छ । इम्बोस्ड नम्बर प्लेट सजिलै पढ्न सकिने र नम्बर निकाल्न नसकिने हुँदा सवारीसाधनको चोरी कम हुने र कुनै पनि सवारी साधन कहाँ छ भनी जानकारी हुने बताइएको छ ।

# चिनियाँ संस्थाद्वारा मास्कलगायत स्वास्थ्य सामग्री सहयोग



**काठमाडौं/मस**–चिनियाँ बुद्धिष्ट एसोसिएसनअन्तर्गतका चङहाउ र सेनचेन हङ्फा मन्दिरको च्यारिटी फाउन्डेसन तथा चिनियाँ बौद्ध गुम्बाहरूको संस्थाले नेपाललाई ठूलो मात्रामा सर्जिकललगायतका मास्क र अन्य स्वास्थ्य सामग्री सहयोग गरेका छन् ।

नेपाल सरकारले जारी राखेको कोरोना महामारी नियन्त्रणको प्रयासमा सघाउने उद्देश्यले ती संस्थाहरूका तर्फबाट १३ लाख ३७ हजार थान मास्कलगायतका स्वास्थ्य सामग्री उपलब्ध गराउने निर्णय भए बमोजिमको एक लट सामग्री बिहीबार नेपाल ट्रान्स हिमालयन सोसाइटीलाई उपलब्ध गराइएको हो । चीनको बुद्धिस्ट एसोसिएसनका अन्तर्राष्ट्रिय सदस्य तथा लुम्बिनीमा रहेको चिनियाँ बौद्धगुम्बाका निर्देशक सि चोङयोङले आज ती सामग्री नेपाल ट्रान्स हिमालयन सोसाइटीका अध्यक्ष प्रा डा राजिवकुमार झालाई हस्तान्तरण गरे ।

लुम्बिनीमा रहेको चिनियाँ बौद्ध गुम्बाका निर्देशक तथा मास्टर सि चोङयोङ, चान ओ र चिनियाँ बौद्धगुम्बाका स्वयंसेवीहरूबाट नेपालका १०० भन्दाबढी बौद्ध गुम्बा, विभिन्न ३० बौद्ध विद्यालय र एक हजार ५०० बौद्धभिक्षुलाई मास्क र अन्य आवश्यक स्वास्थ्य सामग्री यसअघि नै वितरण गरिएको पनि सो संस्थाले जनाएको छ । नेपाललाई उपलब्ध गराउने घोषणा गरिएका १३ लाख ३७ हजार मास्क तथा स्वास्थ्य सामग्री वितरण गर्ने कार्यक्रमअन्तर्गत अहिलेसम्म नेपालमा सात लाख ७७ हजार थान आएको र ती सामग्री केही प्रदेश तथा स्थानीय सरकारका साथै नेपालका सरकारी तथा गैरसरकारी संस्थाहरूलाई उपलब्ध गराइएको निर्देशक योङले बताए । यसका साथै चीनका बौद्धगुम्बाहरूको संस्थाहरूका तर्फबाट लुम्बिनी विकास कोषलाई एकमुस्टरूपमा छ लाख २० हजार सर्जिकललगायतका मास्क उपलब्ध गराइएको थियो ।

लुम्बिनीमा पहिलो सङ्क्रमित भेटिएपछि तत्कालै उक्त संस्थाले ती व्यक्ति तथा गाउँका अरु निम्न आय भएका परिवारका सदस्यका लागि आवश्यक खाद्यान्न र स्वास्थ्य सामग्री उपलब्ध गराएको थियो ।

चिनियाँ बुद्धिस्ट एसोसिएसनको समन्वयमा बौद्धधर्मसँग सम्बन्धित विभिन्न सङ्घसंस्थाहरूले नेपालमा कोरोना भाइरसको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक स्वास्थ्य सामग्री सहयोग गरिरहेको र आगामी दिनमा पनि निरन्तर रहने जानकारी निर्देशक योङले बताए ।

नेपालमा विसं २०७२ मा गएको भूकम्पपछि बौद्ध स्तूपलगायतको पुनर्निर्माण तथा सहयोगस्वरुप चिनियाँ बुद्धिस्ट एसोसिएसन र चिनियाँ बौद्धगुम्बाहरूको संस्थाका तर्फबाट रु एक अर्ब १५ करोडभन्दा बढी आर्थिक सहयोग गरिएको जनाइएको थियो ।

निर्देशक योङले गएको डिसम्बरको अन्तिमतिर पहिलो पटक चीनको वुहानमा कोरोना महामारी देखिएको समयमा नेपालले चीन सरकारलाई मास्क सहयोग गरेपछि चिनियाँहरू निकै खुशी भएको स्मरण गर्दै हाल नेपाललाई यो महामारीबाट उम्किन चीनले सक्दो सहयोग गर्ने बताए ।

नेपाल ट्रान्स हिमालयन सोसाइटीका अध्यक्ष प्रा डा झाले चीन सरकार तथा त्यहाँका नागरिक सङ्घसंस्थाहरूले नेपालमाा हाल महामारीबाट अप्ठेरो परेका बेला गरेको सहयोग अनुकरणीय रहेको धारणा राख्दै उपलब्ध सहयोगलाई अत्यावश्यकताका आधारमा नेपालका विभिन्न क्षेत्र र समुदायमा पुर्‍याइने बताए ।

# हिमालय एयरलाईन्सले थप चार उडान गर्ने




**काठमाडौं/मस**– विदेशमा अलपत्र नेपालीको उद्धारका लागि भइरहेको जारी उडानमा हिमालय एयरलाइन्सले थप दुई दिन चार्टर्ड उडान गर्ने भएको छ । यसअघि जुलाई ३० देखि अगष्ट ७ तारि खसम्म विभिन्न मुलुकमा उडान तालिका बनाएर चार्टर्ड उडान गरिरहेको हिमालयले थप दुई गन्तव्यमा चार उडान गर्ने निर्णय गरेको हो ।

हिमालयको निर्णयअनुसार अगष्ट ८ र ९ मा क्रमशः कतारको दोहामा दुई र मलेसियाको क्वालालम्पुरमा दुई उडान गर्ने कम्पनीले आज विज्ञप्तिमार्फत उल्लेख गरेको छ । नेपालका दुई एयरलाइन्स नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) र हिमालय एयरलाइन्ससहित विदेशी एयरलाइन्सले विदेशमा अलपत्र नेपालीको उद्धारका लागि चार्टर्ड उडान गरिरहेका हुन् ।

यसअघिको तालिका अनुसार पछिल्लो चरणमा हिमालयले पनि जुलाई ३० देखि अगस्ट ७ तारिखसम्म चीनको कुनमिङ, दोहा, अबुधाबी, क्वालालम्पुर र दमामामा १८ चार्टर्ड उडान गर्ने जनाएको छ। कोभिड-१९ सङ्क्रमण व्यवस्थापन केन्द्र (सिसिएमसी)को असार २० गतेसम्मको बिवरणअनुसार विभिन्न मुलुकबाट भइरहेको उद्धार उडानमार्फत हालसम्म ४३ हजारभन्दा बढी नेपाली स्वदेश फर्किएका छन् ।

# ग्लोबल आइएमई बैंकको नयाँ शाखा मुगुको गमगढीमा

**काठमाडौं/मस**-ग्लोबल आइएमई बैंक लिमिटेडले बिहीबार मुगु जिल्लाको छाँयानाथ गाँउपालिका वडा नं. २, गमगढीमा नयाँ शाखा सञ्चालनमा ल्याएको छ । नयाँ शाखाको शुरुवातसँगै बैंकको शाखा कार्यालयहरुको संख्या २५८ पुगेको छ। ग्लोबल आइएमई बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुऱ्याउने उद्देश्यले विभिन्न स्थानमा शाखा, एक्सटेन्सन काउण्टर, राजश्व संकलन काउण्टर तथा शाखारहित बैंकिङ्ग सेवा मार्फत आफ्ना ग्राहकहरु माझ बैंकिङ्ग सेवा प्रदान गर्दै आइरहेको छ। बैंकले ७१ वटा जिल्लामा फैलिएको २५८ शाखा सञ्जाल सहित २३४ एटिएम, ३९ एक्सटेन्सन तथा राजश्व संकलन काउण्टर, २०३ शाखा रहित बैंकिङ्ग सेवा र ३ अन्तर्राष्ट्रिय प्रतिनिधि/सर्म्पक कार्यालय मार्फत आफ्ना २० लाख भन्दा बढि ग्राहकहरु माझ सेवा प्रदान गर्दै आइरहेको छ ।

# एनएमबी बैंक र सिजी डिजीटलबीच सम्झौता

**काठमाडौं/मस**-एनएमबि बैंक लिमिटेड र सिजी डिजीटलबीच सम्झौता भएको छ । बैंक र डिजीटलबीच शुन्य प्रतिशत किस्ताका साथै अन्य डिजीटल प्रणालीबाट गरिने भुक्तानीमा छुट प्रदान गर्ने विषय सहज कार्यान्वयनको लागी द्विपक्षीय समझदारी पत्रमा हस्ताक्षर गरिएको हो ।

समझदारीपत्रमा एनएमबि बैंकका तर्फबाट प्रमुख-रिटेल बैंकिङ्ग रोशन रेग्मी र सिजी डिजीटलका तर्फबाट प्रमुख-वित्त मुकेश खातोरले हस्ताक्षर गरेका हुन् ।

यस अन्तर्गत एनएमबिका ग्राहकहरुले सिजी डिजीटलको आधिकारीक वितरकबाट उपभोग्य वस्तुहरुको खरीदमा १२ महिनासम्मको 'एनएमबि सुलभ किस्ता' योजना अन्तर्गत १२ महिनासम्मको सरल किस्तामा समानहरु खरीद गर्न सक्नेछन् । यसका अतिरिक्त एनएमबिका ग्राहकहरुले सिजीका विविध उत्पादनहरुमा डेबिट/क्रेडिट कार्ड मार्फत गरिने भुक्तानीमा १८०० सम्म छुटको लाभ प्राप्त गर्न सक्नेछन् ।

एनएमबि बैंकले १६९ शाखाहरु, ५ विस्तारित काउन्टरहरु र १३३ एटीएमहरु मार्फत ग्राहकहरुलाई सेवा पुऱ्याउँदै आएको छ ।

# एक तोला सुनको मूल्य एक लाख दुई हजार पाँच सय



**काठमाडौं/मस**- कोभिड-१९ को महामारीका कारण अन्तरराष्ट्रिय बजारमा अस्थिर रहेको सुनचाँदीको मूल्य स्थानीय बजारमा आज अप्रत्यासित रूपमा बढेको छ । बुधबार प्रतितोला रु एक लाख एक हजार ४०० मा कारोवार भएको पहेँलो धातुमा आज रु एक हजार १०० ले वृद्धि भएको छ। बजार खुल्नेबित्तिकै छापावाल सुनको मूल्य प्रतितोला रु एक लाख दुई हजार ५०० कायम भएको छ भने सोही परिमाणको तेजाबी सुनको मूल्य रु एक लाख दुई हजार २०० निर्धारण गरिएको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार बुधबारको तुलनामा आज चाँदीको मूल्य रु ५० ले बढेको छ। एक तोला सेतो धातुको मूल्य आज रु एक हजार ३४५ निर्धारण भएको छ। कोभिड-१९ को सङ्क्रमण रोक्न बन्दाबन्दी लागू गरिएयता जेठ २५ गते एक तोला सुनको मूल्य रु १० हजार ४०० ले बढेर रु ८७ हजार पुगेको थियो । त्यसयता सुनको मूल्य निरन्तर उकालो लागिरहेको छ ।

# बेनेलीका ५ नयाँ मोडलहरु सार्वजनिक गरिँदै



**काठमाडौं/मस**-टप गियर इन्टरन्यासनल प्रा. लि., बेनेली मोटरसाईको लागि बनेपा जिल्लाको अधिकृत बिक्रेता हो, उक्त प्रा.लि. ले बनेपामा बेनेली शोरूमको उद्धघाटन गरेको छ । बेनेली इटालियन मोटरसाइकल ब्रान्ड हो र १९११ देखीनै मोटरसाइकल पारखी बिच एक बेग्लै पहिचान बनाएको छ। बेनेली मोटरसाइकलहरू सबै सवारीको आवश्यकताहरू पूरा गर्न र अन्तिम सवारी अनुभव र आराम सुनिश्चित गर्न का लागि सिर्जना गरिएको हो जस्लाई , सब भन्दा बढी माग पनि गरिएको छ र नेपालको युवा वर्गमा लोकप्रिय बनेको छ ।

बनेपामा स्थापना भएको नयाँ शोरुम र वर्कशप सुविधा सम्पन्न एवम् अन्तराष्ट्रिय स्तरको बाइकको छ । टप गियर इन्टरन्यासनलले शोरूममा पाँच नयाँ मोडेल पनि प्रस्तुत गर्दैछ जस्ले प्रतिस्पर्धी मूल्य सुनिश्चित गर्ने र नेपाली राईडरहरुलाई फाइदा पुर्याउँनेछ। कम्पनिको अनुसार निम्न सबै मोडेलहरू दुई वर्ष ईन्जिन वारेण्टीको रहेको छ ।

बेनेली मोटरसाईकल नेपालका महाप्रबन्धकको अनुसार यी माथि उल्लिखित मोडेलहरू शक्तिशाली ईन्जिन र अधिकतम प्रदर्शनको उत्कृष्ट संयोजन हो जसले स्वामित्वको किफायती लागतको साथ प्रीमियम इटालेली अनुभव प्रदान गर्दछ । बेनेली शोरुमको प्रक्षेपणसँगै विश्वस्तरीय सवारी मेशिनहरूका विभिन्न मोडलहरू प्रदर्शन गर्दै बेनेली नेपाल उत्साहित बाइक उत्साहीहरुको माग पूरा गर्न उत्साहित छ ।

घरेलु हिंसा-अपराधको जघन्य प्रकार, सबै मिली गरौं यसको प्रतिकार ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

COVID-19 NOVEL CORONA VIRUS (nCOV)
जनहितका लागि जारी जनचेतनामूलक सन्देश

नोबेल कोरोना भाइरस (Covid-19) का मूख्य लक्षणहरु

ज्वरो (१००.४° F भन्दा माथि)
श्वासप्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

कसरी आफू बच्ने र अरुलाई बचाउने ?

नियमित रूपमा साबुन पानीले हात धुने ।
खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**